धितोपत्र सम्बन्धि ऐन २०६३ र सामुहिक लगानी कोष नियमावली, २०६७ बमोजिम
नेपाल धितोपत्र बोर्डमा दर्ता भएको

**एन आई सी एशिया बैंक म्युचुअल फण्ड**

अन्तर्गत सञ्चालन हुने

# एन आई सी एशिया ग्रोथ फण्ड
# (NIC ASIA Growth Fund)

को

**विवरण पुस्तिका**

**(सामुहिक लगानी कोष नियमावली, २०६७ को नियम २४ को व्यवस्था बमोजिम जारी गरिएको)**

प्रति इकाई मूल्य रु.१०/– दरको १०,००,००,००० (दस करोड) इकाई मध्ये न्यूनतम १,५०,००,००० (एक करोड पचास लाख) वा कुल बिक्री भएको इकाई संख्याको न्यूनतम १५ (पन्ध्र) प्रतिशत इकाई कोष प्रबर्द्धक श्री **एन आई सी एशिया बैंक लिमिटेड**का लागि सुरक्षित राखि बाँकी न्यूनतम ८,५०,००,००० (आठ करोड पचास लाख) इकाई यस विवरण पुस्तिकाको शर्त अनुसार सार्वजनिक रुपमा बिक्रीका लागि खुल्ला गरिने छ।

| | | |
|---|---|---|
| योजना व्यवस्थापक तथा कोष प्रबर्द्धकको रेटिङ्ग गर्ने | : | श्री ईक्रा नेपाल लिमिटेड |
| योजना व्यवस्थापकले प्राप्त गरेको रेटिङ्ग | : | "[ICRANP] AMC Quality3 (AMC3)" |
| कोष प्रबर्द्धकले प्राप्त गरेको रेटिङ्ग | : | "[ICRANP-IR] A-'' |
| **योजनाको किसिम** | : | **बन्दमुखी** |
| **योजनाको अवधि** | : | **७ वर्ष** |
| **योजना परिपक्व हुने** | : | **इकाई बाँडफाँट भएको मितिले ७ वर्ष** |
| **योजनाको रेटिङ्ग सम्बन्धमा** | : | "[ICRANP] AMC Quality3(AMC3)" Adequate assurance on Management Quality प्राप्त तथा "[ICRANP-IR] A-'' Adequate Credit Quality Rating प्राप्त। |
| **नेपाल धितोपत्र बोर्डबाट विवरण पुस्तिका स्वीकृत मिति** | : | **२०७४/०९/११ गते।** |
| **इकाई बिक्री खुल्ला हुने मिति** | : | **२०७४/१०/०२ गते।** |
| **इकाई बिक्री बन्द हुने मिति (छिटोमा)** | : | **२०७४/१०/०८ गते (बैंकिङ्ग समय पश्चात्।** |
| **इकाई बिक्री बन्द हुने मिति (ढिलोमा) :** | : | **२०७४/१०/२१ गते (बैंकिङ्ग समय पश्चात्।** |
| **आवेदन दिनुपर्ने न्यूनतम इकाई सङ्ख्या** | : | **१०० (एक सय)** (प्रति इकाई मूल्य रु.१०/– का दरले रु १,०००/-) |
| **आवेदन दिन पाउने अधिकतम इकाई सङ्ख्या** | : | **२०,००,००० (बीस लाख)** (प्रति इकाई मूल्य रु.१०/– का दरले रु २,००,००,०००/-) |
| **आवेदनसाथ भुक्तानी गर्नुपर्ने रकम** | : | **शत् प्रतिशत** |

**कोष प्रबर्द्धक**
**कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित र**
**बैंक तथा बित्तीय संस्था सम्बन्धी ऐन, २०६३ बमोजिम कारोबार गर्ने**
**नेपाल राष्ट्र बैंक बाट 'क' वर्गको इजाजत प्राप्त संस्था**

NIC ASIA
एन आई सी एशिया बैंक लि.


एन आई सी एशिया बैंक लिमिटेड
ट्रेड टावर नेपाल, थापाथली, काठमाण्डौ
फोन: ५१११७७, ५१११७८, फ्याक्स नं. ९७७-१-५१११८०
इमेल : info@nicasiabank.com, वेवसाइट : www.nicasiabank.com


**कोष सुपरिवेक्षकहरुको विवरण :**

१. **श्री बाबु राम श्रेष्ठ** - M.Sc, M.A.(Economic), PG Dip in RDPM
नेपाल सरकार तथा सम्बन्धित कार्यालयहरुमा १० बर्ष भन्दा बढीको कार्यअनुभव।
**ठेगाना:** ल.म.न.पा. वडा नं. १३, जावलाखेल, ललितपुर।

२. **श्री आशिष अधिकारी** - LM,
विगत १९ वर्ष देखि हालसम्म कानुन व्यवसायमा संलग्न।
ठेगाना: का.म.न.पा.वडा नं. ०१, नक्साल, काठमाण्डौ।

३. **श्री बोध राज निरौला** - Master in Economic(ME)
अर्थ मन्त्रालय सहित नेपाल सरकारका विभिन्न निकायमा ३१ बर्षको कार्यअनुभव।
**ठेगाना:** का.म.न.पा. वडा नं. ४, अरुणालामा टोल, काठमाडौं।

४. **श्री रोशन शाक्य** - CA
नेबिल बैंक लिमिटेडको बिभिन्न बिभागमा ८ वर्ष भन्दा वढिको कार्यअनुभव, बिगत ४ बर्ष देखि चार्टड एकाउन्टीङ पेशा मा संलग्न।
ठेगाना: का.म. न.पा. वडा नं. ३४, वलभद्र टोल, काठमाण्डौ ।

५. **श्री शिवराज घिमिरे** - MBA
शिक्षण पेशामा १५ बर्षको कार्यअनुभव।
हाल: सरस्वती बहुमुखी क्यामपस, लैनचौरमा उप प्रध्यापकको रुपमा कार्यरत।
ठेगाना: का.म.न.पा.वडा नं. १४, कलंकी।

**योजना व्यवस्थापक**
**(निष्कासन तथा बिक्री प्रवन्धकको कार्य समेत गर्ने)**

NIC ASIA CAPITAL


**एन आई सी एशिया क्यापीटल लिमिटेड**
**(A Wholy Owned Subsdiary of NIC ASIA Bank Limited.)**
बबरमहल, काठमाडौं
फोन : ४२२१९९४
फ्याक्स : ४२२२४५८
Email: info@nicasiacapital.com
URL: www.nicasiacapital.com


***पुनश्च : बिक्री आव्हान गरिएको इकाईका लागि आवेदन पर्न आए पश्चात् न्यूनतम अवधि व्यतित भए पछि सूचना प्रकाशित गरी इकाई बिक्री बन्द गरिनेछ।***

यस विवरण पुस्तिकाले - "योजनाको गुणस्तर वा प्रतिफलको निश्चितताको प्रत्याभूति गर्दैन र कृपया लगानी गर्नु भन्दा अगाडि विवरण पुस्तिका राम्रोसँग पढ्नु होला"।

## २.१. विषय सूची


| क्र.सं. | विषय | पृष्ठ |
|---|---|---|
| २.२ | विवरण पुस्तिकामा प्रयोग भएका प्राविधिक तथा अन्य शव्दावलीको परिभाषा | ३ |
| २.३ | विवरण पुस्तिका तथा निवेदन प्राप्त गर्ने र निवेदन बुझाउने स्थानहरु | ३ |
| २.४ | विवरण पुस्तिकामा उल्लेखित विवरणहरुको सत्यता तथा लगानीकर्ताको दायित्व सम्बन्धमा | ३ |
| **३** | **उद्घोषण** | **३-४** |
| ३.१ | नियमन निकायको जवाफदेहीता नरहने उद्घोषण | ३ |
| ३.२ | कोष प्रबर्द्धकको उद्घोषण | ४ |
| ३.३ | योजना व्यवस्थापकको उद्घोषण | ४ |
| ३.४ | कोष सुपरिवेक्षकको उद्घोषण | ४ |
| **४** | **योजना सम्बन्धी संक्षिप्त जानकारी** | **४-५** |
| **५** | **कोष प्रवर्द्धक सम्बन्धि जानकारी** | **५-९** |
| ५.१ | कोष प्रबर्द्धकको नाम | ५ |
| ५.२ | योजना व्यवस्थापक कम्पनीमा शेयर स्वामित्वको प्रतिशत | ५ |
| ५.३ | कोष प्रबर्द्धक स्थापित भएको ऐन/नियम सम्बन्धी सम्बन्धि विवरण | ५ |
| ५.४ | कोष प्रबर्द्धकको संक्षिप्त इतिहास | ५ |
| ५.५ | कोष प्रबर्द्धकका प्रमुख उद्देश्यहरु | ५ |
| ५.६ | कोष प्रबर्द्धकको विगत तीन वर्षको लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण, (सहायक कम्पनी भए समष्टिकृत रुपमा), तथा विगत तीन वर्षको प्रति शेयर आम्दानी (अर्निङ्ग पर शेयर)र प्रति शेयर नेटवर्थ सम्बन्धी विवरण | ६-९ |
| **६** | **योजना व्यवस्थापक सम्बन्धि विवरण** | **९-१४** |
| ६.१ | योजना व्यवस्थापकको परिचय | ९ |
| ६.२ | योजना व्यवस्थापकको भावी योजना तथा रणनीति | १० |
| ६.३ | योजना व्यवस्थापकको सञ्चालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था | १० |
| ६.४ | योजना व्यवस्थापकको पूँजी संरचना (अधिकृत पूँजी, जारी पूँजी तथा चुक्ता पूँजी) सम्बन्धी जानकारी | १० |
| ६.५ | योजना व्यवस्थापकको संस्थापक तथा सञ्चालक सम्बन्धी जानकारी | १० |
| ६.६ | योजना व्यवस्थापकको कर्मचारी सम्बन्धी जानकारी | ११ |
| ६.७ | योजना व्यवस्थापकको सञ्चालन अवधि तीन वर्ष व्यतीत भैसकेको भए विगत तीन वर्षको र तीन वर्ष व्यतीत भैनसकेको भए सञ्चालन अवधिभरको लेखापरीक्षण भएको (लेखापरीक्षण नभएको भए व्यवस्थापनबाट प्रमाणित) वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण | १२-१३ |
| ६.८ | योजना व्यवस्थापकको लेखा नीति सम्बन्धी व्यवस्था | १४ |
| ६.९ | योजना व्यवस्थापकको लेखापरीक्षकको नाम तथा ठेगाना | १४ |
| ६.१० | योजना व्यवस्थापकको कारोबारमा असर पर्ने कुनै विवाद/मुद्दा मामिला भए सो को विवरण तथा मुद्दा मामिला अन्तिम रुपमा फैसला भई जरिवाना बुझाएको भए सो सम्बन्धी विवरण | १४ |
| ६.११ | यो योजना भन्दा अगाडीको योजनाको खुद सम्पत्ती मूल्य (नेट एसेट भ्याल्यू) सम्बन्धि विवरण | १४ |
| ६.१२ | योजना व्यवस्थापकको रेटिङ्ग गरेको भए रेटिङ्ग गर्ने कम्पनी तथा रेटिङ्ग संकेत | १४ |
| **७** | **कोष सुपरिवेक्षक तथा कोष सुपरिवेक्षकसँगको सम्झौता सम्बन्धि विवरण** | **१४-१५** |
| ७.१ | कोष सुपरिवेक्षको नाम, ठेगाना, उमेर तथा योग्यता | १४ |
| ७.२ | कोष सुपरिवेक्षकको व्यवसायिक अनुभव, मुख्य पेशा, व्यवसाय तथा हाल कायम रहेको जिम्मेवारी | १४ |
| ७.३ | योजना सम्बन्धमा कोष सुपरिवेक्षकको भूमिका | १५ |
| ७.४ | कोष प्रबर्द्धक र कोष सुपरिवेक्षक बीचको सम्झौताका मुख्य मुख्य बुँदाहरु | १५ |
| **८** | **योजना सम्बन्धी जानकारी** | **१५-२३** |
| ८.१ | योजना सम्बन्धी विवरण | १५ |
| ८.२ | योजनाको उद्देश्य | १६ |
| ८.३ | योजनाले लगानी गर्ने क्षेत्र | १६ |
| ८.४ | योजनाको वित्तीय प्रक्षेपण सम्बन्धी विवरण | १६-१९ |
| ८.५ | योजनाको खर्च सम्बन्धी विवरण | २०-२१ |
| ८.६ | योजनाको मुनाफा वितरणको लक्ष्य | २१ |
| ८.७ | लगानी तथा लाभांसका सम्बन्धमा लागु हुने कर सम्बन्धी व्यवस्था | २१ |
| ८.८ | योजनाका ईकाइहरु अर्को योजनामा हस्तान्तरण हुने/नहुने कुरा र हुने भएमा सो को प्रक्रिया | २१ |
| ८.९ | खुद सम्पत्ति मूल्य गणना तथा सो को प्रकाशन सम्बन्धी व्यवस्था | २१ |
| ८.१० | योजनामा अन्तर्निहित जोखिम तथा सोको व्यवस्थापनको लागि व्यवस्थापनको धारणा | २१-२३ |
| **९** | **इकाई निष्काशन सम्बन्धी विवरण** | **२४-२५** |
| ९.१ | इकाई बिक्री खुला गरिने मिति तथा अवधि | २४ |
| ९.२ | निवेदन सङ्कलन केन्द्र (बिक्री केन्द्र) सम्बन्धी जानकारी | २४ |
| ९.३ | निवेदन दिनसक्ने व्यक्ति तथा संस्थाहरु | २४ |
| ९.४ | खरीद गर्न सकिने न्यूनतम तथा अधिकतम इकाई संख्या | २४ |
| ९.५ | इकाईको बाँडफाँट, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी व्यवस्था | २४ |
| ९.६ | निवेदन दिंदा ध्यान दिनुपर्ने कुराहरु | २४-२४ |
| **१०** | **इकाईधनी (योजनाका सहभागी) लाई प्राप्त हुने अधिकार तथा सेवा** | **२५** |
| **११** | **गुनासो सुन्ने र समाधान गर्ने प्रकृया** | **२५** |
| **१२** | **योजना व्यवस्थापकको प्रतिबद्धता पत्र (ड्यु डेलिजेन्स सर्टिफिकेट) को प्रति** | **२६** |
| **१३** | **यस विवरण पुस्तिकामा प्रकाशित तथ्य तथा विवरणहरु ठीक दुरुस्त छन् सो मा फरक परेमा हामी सञ्चालकहरु जिम्मेवार हुनेछौं भनी सहि छाप गर्ने सञ्चालकहरुको नाम तथा दस्तखत** | **२७** |

## २.२ विवरण पुस्तिकामा प्रयोग भएका प्राविधिक तथा अन्य शब्दावलीको परिभाषा :

(क) “ऐन” भन्नाले धितोपत्र सम्बन्धी ऐन, २०६३ सम्झनु पर्दछ ।
(ख) “नियमावली” भन्नाले सामूहिक लगानी कोष नियमावली, २०६७ (संशोधन सहित) सम्झनु पर्दछ ।
(ग) “निर्देशिका” भन्नाले सामूहिक लगानी कोष निर्देशिका, २०६९ सम्झनु पर्दछ ।
(घ) “बोर्ड” भन्नाले नेपाल धितोपत्र बोर्डलाई सम्झनु पर्दछ ।
(ङ) “विवरण पुस्तिका” भन्नाले इकाई सार्वजनिक निष्काशनको आव्हान गर्नुअघि योजनाको सम्बन्धमा जानकारी प्रदान गर्ने प्रयोजनका लागि सामुहिक लगानी कोष निर्देशिका, २०६९ बमोजिम प्रकाशन गरिने विवरण पुस्तिका सम्झनु पर्दछ ।
(च) “संकलन केन्द्र” भन्नाले इकाईको सार्वजनिक रुपमा निष्काशन तथा बिक्रीका लागि आवेदन फाराम बुझ्ने तथा इकाई बाँडफाँट पूर्जा र इकाई धनी प्रमाणपत्र वितरणका लागि योजना व्यवस्थापक कम्पनीले तोकेको संस्था सम्झनु पर्दछ ।
(छ) “निष्कासन बैंक” भन्नाले इकाईको सार्वजनिक निष्कासन तथा बिक्रीबाट संकलन हुन आएको रकम संकलन केन्द्रबाट तत्काल सुरक्षित तवरले राख्नका लागि खाता खोली व्यवस्था गरिएको बैंक तथा वित्तिय संस्था सम्झनु पर्दछ ।
(ज) “इकाई” भन्नाले योजना अर्न्तगत निष्काशन गरिने धितोपत्र को इकाई सम्झनु पर्दछ ।
(झ) “कोष प्रबर्द्धक” भन्नाले बोर्डमा सामूहिक लगानी कोष नियमावली बमोजिम एन आई सी एशिया ग्रोथ फण्ड दर्ता गराउने एन आई सी एशिया बैंक लिमिटेडलाई सम्झनु पर्दछ ।
(ञ) “योजना” भन्नाले नियमावलीको नियम २४ बमोजिम बोर्डबाट स्वीकृती प्राप्त योजना (Scheme) सम्झनु पर्दछ ।
(ट) “योजना व्यवस्थापक” भन्नाले एन आई सी एशिया क्यापिटल लिमिटेडलाई सम्झनु पर्दछ ।
(ठ) “कोष सुपरिवेक्षक” भन्नाले नियमावलीको व्यवस्था बमोजिम एन आई सी एशिया बैंक म्युचुअल फण्डको सुपरिवेक्षण कार्यका लागि एन आई सी एयिशा बैंक लिमिटेडबाट नियुक्त तथा नेपाल धितिपत्र बोर्डबाट स्वीकृति प्राप्त व्यक्तिहरुको समूहलाई सम्झनु पर्दछ ।
(ड) “डिपोजिटरी” भन्नाले योजना अर्न्तगतका इकाई धनीहरुको रेकर्ड राख्ने, इकाई नामसारी सम्बन्धी कार्य गर्ने योजनाको लगानीको प्रतिफल प्राप्त गरी सोको रेकर्ड राख्ने इकाई धनीहरुलाई लाभांश वितरण गर्ने जस्ता नियमावलीले तोकेको कार्य गर्ने अनुमति प्राप्त एन आई सी एशिया क्यापिटल लिमिटेडलाई सम्झनु पर्दछ ।

## २.३ विवरण पुस्तिका तथा आवेदन फारम प्राप्त गर्ने र आबेदन बुझाउने स्थानहरु :

### (क) विवरण पुस्तिका प्राप्त गर्ने स्थान :

| सि. नं. | कम्पनीको नाम तथा ठेगाना |
|---|---|
| १ | एन आई सी एशिया क्यापिटल लिमिटेड, बबरमहल, काठमाण्डौं । |

साथै विवरण पुस्तिका एन आई सी एशिया क्यापिटल लिमिटेडको वेव साईट www.nicasiacapital.com बाट समेत प्राप्त गर्न सकिने छ ।

### (ख) आवेदन फारम प्राप्त गर्ने र बुझाउने स्थानहरु :

| सि. नं. | कम्पनीको नाम तथा ठेगाना |
|---|---|
| १ | नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त गरी आस्वा (ASBA) सेवामा सहभागी सम्पुर्ण बैंक तथा वित्तीय संस्थाहरु र तिनका शाखा कार्यालहरु । |

## २.४ विवरण पुस्तिकामा उल्लेखित विवरणहरुको सत्यता तथा लगानीकर्ताको दायित्व सम्बन्धमा :

यस विवरण पुस्तिकामा उल्लेख गरिएका विवरणहरु सहभागीहरुको जानकारीको लागि ऐन तथा नियमावली बमोजिम तयार गरी बोर्डबाट स्वीकृत भएको हो । यसबाट योजनामा सहभागी हुन चाहने जो कोहीले योजनामा सहभागी हुनुभन्दा अगाडि नै योजनाबारे जानकारी प्राप्त गर्न सक्नेछन् । यो विवरण पुस्तिका बोर्डबाट स्वीकृत भएतापनि यसको राम्रोसँग अध्ययन गरेर मात्र लगानी गर्न सुझाव दिईन्छ । विवरण पुस्तिका प्रकाशित भए पश्चात् निष्कासन खुल्ला हुनुअघि वा सो अवधिमा यस विवरण पुस्तिकामा कुनै प्रकारको परिवर्तन भएमा सोको सार्वजनिक रुपमा जानकारी गराइनेछ ।

## ३ . उद्घोषण :

## ३.१ नियमन निकायको जवाफदेहिता नरहने उद्घोषण :

इकाई सार्वजनिक निष्काशन गर्नका लागि तयार गरिएको यस विवरण पुस्तिकालाई धितोपत्र सम्बन्धी प्रचलित कानून बमोजिम नेपाल धितोपत्र बोर्डले स्वीकृति प्रदान गरेको छ । यसरी प्रदान गरिएको स्वीकृतिले विवरण पुस्तिकामा उल्लिखित कुराको सत्यता वा योजना व्यवस्थापक वा योजनाको आर्थिक सक्षमताको बारेमा बोर्डले कुनै प्रकारको प्रत्याभूत गरेको वा जिम्मेवारी लिएको मानिने छैन ।

**३.२ कोष प्रबर्द्धकको उद्घोषण :**

प्रचलित कानून वमोजिम योजना व्यवस्थापकले तयार गरेको यस योजना कोष सुपरिवेक्षक तथा बोर्डको स्वीकृतिमा सञ्चालनमा आउनेछ । कोष सुपरिवेक्षक तथा योजना व्यवस्थापकको सञ्चालक समितिमा कोष प्रबर्द्धकको प्रतिनिधि सञ्चालक मार्फत योजनाको व्यवसायिक तथा नियम संगत व्यवस्थापनमा कोष प्रबर्द्धकको सहभागिता रहनेछ । विवरण पुस्तिकामा समावेश गरिएका विवरण सत्य तथ्य रहेका छन् । साथै कोष प्रबर्द्धकले यस योजनाले बिक्री गर्ने कुल इकाई रकमको न्यूनतम १५ प्रतिशत रकम बिज पूँजीको रुपमा लगानी गर्नेछ ।

**३.३ योजना व्यवस्थापकको उद्घोषण :**

यो विवरण पुस्तिकामा कोष प्रबर्द्धक, कोष सुपरिवेक्षक, योजना व्यवस्थापक तथा प्रस्तावित योजना सम्बन्धी जानकारीहरु उल्लेख गरिएको छ । यस विवरण पुस्तिकामा उल्लेख गरिएको विवरणहरु सत्य तथ्ययुक्त रहेको प्रति यस विवरण पुस्तिकामा हस्ताक्षर गर्ने हामी संचालकहरु व्यक्तिगत वा सामुहिक रुपमा जवावदेहिता वहन गर्दछौं । यस विवरण पुस्तिका तयार गर्दा प्रचलित ऐन/नियमको पालना गरिएको छ । लगानीकर्ताहरुलाई लगानी सम्बन्धी सु-सूचित निर्णय लिन आवश्यक कुनै विवरण सुचना तथा जानकारीहरु लुकाइएको छैन ।

**३.४ कोष सुपरिवेक्षकको उद्घोषण :**

यस विवरण पुस्तिकामा समावेश भएका विषयहरु हामीलाई योजना व्यवस्थापकबाट उपलब्ध गराईएका विवरणको आधारमा अध्ययन गर्दा यसमा समावेश गरिएका वित्तीय विवरण, योजना व्यवस्थापक, कोष सुपरिवेक्षक आदि सम्बन्धि विवरण तथा जानकारीहरु सत्य तथ्यपरक रहेका छन् र सोहि बमोजिम विवरण पुस्तिकाको स्वीकृतिका लागि पठाउन सहमति दिइएको छ । यस पुस्तिकामा उल्लेख गरिएका विवरणहरुले लगानीकर्ताहरुलाई योजनाको इकाईमा लगानीको लागि सु-सूचित भई निर्णयमा पुग्न सहयोग हुने हाम्रो विश्वास रहेको छ ।

**४. योजना सम्बन्धी संक्षिप्त जानकारी :**

| | | | |
|---|---|---|---|
| १ | क | योजनाको नाम | **एन आई सी एशिया ग्रोथ योजना ( NIC ASIA Growth Scheme)** |
| | ख | योजनाको आकार | रु. १,००,००,००,०००।- (रु. एक अर्व) |
| | ग | योजनाको प्रकार | बन्दमुखी (Close-ended) |
| २ | क | निष्कासन गर्न लागिएको इकाई संख्या | १०,००,००,००० (दस करोड) |
| | ख | प्रति इकाई मूल्य | रु. १०।- (अक्षेरुपी दश रुपैंया मात्र) |
| | ग | न्यूनतम बिक्री हुनुपर्ने इकाई संख्या | ५,००,००,००० (पाँच करोड) |
| | घ | अधिकतम सकारिने इकाई संख्या | १२,५०,००,००० (बाह्र करोड पचास लाख) |
| | ङ | योजनाको अवधि | ७ वर्ष |
| | च | योजना परिपक्व हुने मिति | योजनाको इकाई बाँडफाँट भएको मितिले ७ वर्ष (उक्त अवधि पश्चात् योजनाको सम्पत्तिलाई नगदमा परिणत गरी इकाई धनीहरुलाई समानुपातिक हिसाबले प्रचलित कानून बमोजिम वितरण गरिनेछ) । |
| | छ | योजना बिक्री खुल्ला हुने मिति | २०७४/१०/०२ गते । |
| | ज | योजना बिक्री बन्द हुने मिति (छिटोमा)<br>योजना बिक्री बन्द हुने मिति (ढिलोमा) | २०७४/१०/०८ गते (बैंकिङ्ग समय पश्चात्) ।<br>२०७४/१०/२१ गते (बैंकिङ्ग समय पश्चात्) । |
| | झ | इकाई बिक्री केन्द्रहरु | नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त गरी आस्वा (ASBA) सेवामा सहभागी सम्पूर्ण बैंक तथा वित्तीय संस्थाहरु र तीनका शाखा कार्यालहरु । |
| | ञ | खरीद गर्नुपर्ने न्यूनतम इकाई संख्या | १०० (एक सय) |
| | ट | खरीद गर्न सकिने अधिकतम इकाई संख्या | २०,००,००० (बीस लाख इकाई) |
| | ठ | इकाई बिक्री तथा बाँडफाँट सम्बन्धी व्यवस्था | इकाई बित्रीका लागि आवेदन लिने कार्य समाप्त भए पश्चात् धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ बमोजिम इकाईको बाँडफाँट गरिने छ । |
| | ड | सूचीकरण तथा दोस्रो बजार कारोवार व्यवस्था | योजनाका इकाईहरु नेपाल स्टक एक्सचेन्जमा सूचिकृत गरी कारोवार हुने व्यवस्था गरिने छ । |
| ३ | | योजनाको मुनाफा वितरणको लक्ष्य | योजनाले कमाएको खुद मुनाफाको अनुपातमा इकाईको अंकित मूल्यको आधारमा मुनाफा वितरण गरिनेछ । सञ्चित मुनाफा (Retained Earning) पुनः लगानी गरिने छ । |
| ४ | | इकाई खरीद गर्न सक्ने व्यक्ति तथा संस्थाहरु | नियमावली एवं निर्देशिकाको अधिनमा रही नेपाली नागरिक, गैरआवासीय नेपालीको प्रमाणपत्र (परिचय पत्र) जारी भएका व्यक्ति, प्रचलित कानून बमोजिम दर्ता भएका नेपाली फर्म, संघ संस्था, बैंक तथा वित्तीय संस्था, बीमा कम्पनी, कुनै पनि वर्ग वा समूहले खडा गरेको कोषहरु जस्तै सञ्चय कोष, कल्याणकारी कोष, गुठी, अक्षय कोष आदिले यस विवरण पुस्तिका अनुसार जारी गरिने इकाई खरिद गर्न आवेदन दिन सक्नेछ । |
| ५ | | योजना व्यवस्थापकको नाम तथा ठेगाना, स्थापित ऐन, दर्ता मिति, नेपाल धितोपत्र बोर्डबाट योजना व्यवस्थापकको अनुमति प्राप्त मिति | एन आई सी एशिया क्यापिटल लिमिटेड, फो.नं.४२२२४५८ तेस्रो तल्ला, सिद्धार्थ इन्स्योरेन्स भवन, बबरमहल, काठमाण्डौ । कम्पनी ऐन तथा धितोपत्र सम्बन्धी ऐन बमोजिम स्थापना भएको कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता मितिः २०७३/०२/०२, दर्ता नं. १४९३१२/०७२/०७३ नेपाल धितोपत्र बोर्डबाट |

| | | | |
|---|---|---|---|
| | | | अनुमति प्राप्त मितिः २०७३/११/०८ नेपाल धितोपत्र बोर्डबाट योजना व्यवस्थापकको अनुमति प्राप्त मिति २०७४/०३/१८ |
| ६ | | योजना व्यवस्थापकको लेखापरीक्षकको नाम तथा ठेगाना | ए बि एम एस एण्ड एशोसिएट्स, नयाँ बानेश्वर हुनुहुन्छ । |
| ७ | | योजनाको लेखापरीक्षकको नाम तथा ठेगाना | नेपाल धितोपत्र बोर्डबाट स्वीकृत लिई लेखा परीक्षक नियुक्त गरिने । |
| ८ | | कोष सुपरिवेक्षकको नाम तथा ठेगाना | १. श्री बाबु राम श्रेष्ठ , ल.म.न.पा. वडा नं. १३, जावलाखेल, ललितपुर ।<br>२. श्री आशिष अधिकारी,  का.म.न.पा.वडा नं. ०१, नक्साल, काठमाण्डौ ।<br>३. श्री बोध राज निरौला, का.म.न.पा. वडा नं. ४, अरुणालामा टोल, काठमाण्डौ ।<br>४. श्री रोशन शाक्य, का.म.न.पा. वडा नं. ३४, वलभद्र टोल, काठमाण्डौ ।<br>५. श्री शिवराज घिमिरे,: का.म.न.पा.वडा नं. १४, कलंकी । |
| ९ | | रेटिङ्ग कम्पनी तथा योजनाको रेटिङ्ग संकेत | रेटिङ्ग कम्पनी : श्री इक्रा नेपाल लिमिटेड, काठमाडौं ।<br>योजना व्यवस्थापकको रेटिङ्ग : "[ICRANP] AMC Quality 3 (AMC3)"<br>कोष प्रबर्द्धकको रेटिङ्ग : "[ICRANP - IR] A-" |
| १० | | लगानीका क्षेत्रहरु | नियमावलीको नियम ३४ एवं निर्देशिकाको अधिनमा रहि इकाई बिक्रीवाट उठेको वा संकलन भएको रकम देहाय बमोजिमको कुनै वा सबै क्षेत्रमा लगानी गरिनेछ ।<br>१. वोर्डमा दर्ता भएका धितोपत्रहरु ।<br>२. सार्वजनिक निष्कासन भएको धितोपत्र ।<br>३. धितोपत्र विनिमय वजारमा सुचिकृत धितोपत्र ।<br>४. नेपाल सरकारले जारी गरेको वा नेपाल सरकारको जमानत वा पूर्ण सुरक्षित हुने गरि सरकारी स्वामित्व वा नियन्त्रणमा रहेको कुनै संस्था वा नेपाल राष्ट्र बैंकले जारी गरेको ऋणपत्र, ट्रेजरी बिल तथा मुद्रा बजारका अन्य साधनहरु ।<br>५. बैंक तथा वित्तिय संस्थामा निक्षेप ।<br>६. मुद्रा बजार उपकरण ।<br>७. धितोपत्र बोर्डले तोकिदिएको अन्य क्षेत्र । |
| ११ | | योजनाको दर्ता तथा हस्तान्तरण गर्न नियुक्त डिपोजिटरीको नाम र ठेगाना | योजना व्यवस्थापक कम्पनी आफैले डिपोजिटरीको कार्य गर्ने । सो कार्य कम्पनीको बबरमहल, काठमाण्डौ स्थित कार्यालयबाट गरिनेछ । |
| १२ | | खुद सम्पत्ति मूल्य गणना तथा सोको प्रकाशन सम्बन्धी व्यवस्था | निर्देशिकाले व्यवस्था गरे बमोजिम खुद सम्पत्ति मूल्य गणना गरिने र सो विवरण नियमावलीले व्यवस्था गरे वमोजिम सार्वजनिक गरिनेछ । सो सम्वन्धि विस्तृत विवरण यस विवरण पुस्तिकाको वुंदा ८.९ (क) र (ख) मा उल्लेख गरिएको छ । |

## ५ . कोष प्रबर्द्धक सम्बन्धी जानकारी :

### ५.१ कोष प्रबर्द्धकको नाम :

श्री  एन आई सी एशिया बैंक लिमिटेड ।

### ५.२ योजना व्यवस्थापक कम्पनीमा शेयर स्वामित्वको प्रतिशत :

योजना व्यवस्थापक कम्पनीमा कोष प्रबर्द्धक श्री एन आई सी एशिया बैंक लिमिटेडको पूर्ण स्वामित्व रहेको छ ।

### ५.३ कोष प्रबर्द्धक स्थापित भएको ऐन/नियमसम्बन्धी विवरण :

प्रचलित कम्पनी ऐन अन्तर्गत संस्थापित र सञ्चालित एवं बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ अनुसार कारोवार गर्न इजाजत प्राप्त "क" बर्गको वित्तीय संस्था ।

### ५.४ कोष प्रबर्द्धकको संक्षिप्त इतिहास :

एन आई सी एशिया बैंक लिमिटेड प्रचलित कम्पनी कानून बमोजिम मिति २०५४/०२/१७ मा नेपाल सरकार कम्पनी रजिष्ट्रारको कार्यालयमा पब्लिक लिमिटेड कम्पनीको रुपमा दर्ता भई मिति २०६३/०९/१८ गते देखि आफ्नो वित्तीय कारोवार गर्दै आएको छ । साविक एन आई सी बैंक लिमिटेड तथा साविक बैंक आफ एशिया नेपाल लिमिटेड संगको मर्जर पश्चात मिति २०७०/०३/१६ गते देखि नेपाल राष्ट्र बैंकबाट एकिकृत रुपमा वित्तीय कारोवार गर्न स्वीकृति प्राप्त गरी बैंकिङ्ग कारोवार गदै आइरहेको छ । यस बैंकमा ५१% शेयर स्वामित्व संस्थापक शेयरधनीहरुको र ४९% शेयर स्वामित्व सर्वसाधारण शेयरधनीहरुको रहेको छ । एन आई सी एशिया बैंक लिमिटेडको क्रेडिट रेटिङ्ग नियमावली, २०६८ बमोजिम नेपालको लागि स्विकृति प्राप्त क्रेडिट रेटिङ्ग एजेन्सी इक्रा नेपाल लिमिटेडबाट क्रेडिट रेटिङ्ग भई "[ICRANP-IR] A-"Adequate Credit Quality Rating"  रेटिङ्ग प्राप्त गरेको छ ।

### ५.५ कोष प्रबर्द्धकका प्रमुख उद्देश्यहरु :

कम्पनीको प्रबन्धपत्र अनुसार कम्पनीका मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेका छन् :

(क) बैंकका निक्षेपकर्ता तथा शेयरधनीको हक हितको संरक्षण र सम्बर्द्धन गर्दै सर्वसाधारणलाई गुणस्तरीय तथा भरपर्दो वित्तीय सेवा उपलब्ध गराउने,

(ख) कृषि, उद्योग , सेवा, व्यापार तथा अन्य व्यावसायिक रुपले सम्भाव्य देखिएका उत्पादनशील व्यवसायको स्थापना, विकास, विस्तार र क्षमता एवं उत्पादकत्व वृद्धिका लागि आवश्यक वित्तीय साधन आन्तरिक तथा बाह्य स्रोतबाट जुटाई देशको औद्योगिक, व्यापारिक एवं कृषि क्षेत्रको विकासमा गतिशीलता ल्याउन सहयोग पुऱ्याउने,

(ग) उपलब्ध शीप, श्रम तथा पूँजीलाई उचित परिचालन गरी ग्रामीण तथा शहरी क्षेत्रमा उत्पादन एवं रोजगारीमूलक व्यवसायको स्थापना, सञ्चालन, विकास, विस्तार एवं प्रवर्द्धन गर्ने र सो कार्यको लागि आवश्यक वित्तीय साधन, प्राविधिक तथा व्यवस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई गरिबी निवारणका लागि सक्रिय रुपमा संलग्न भई सहयोग पुऱ्याउने, र

(घ) मुलुकमा छरिएर रहेको पूँजीलाई एकीकृत गरी संस्थागत लगानी तथा स्वस्थ प्रतिस्पर्धाको माध्यमबाट वित्तीय मध्यस्थताको सेवा उपलब्ध गराउने ।

**५.६ कोष प्रबर्द्धकको विगत तीन वर्षको लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण, (सहायक कम्पनी भए समष्टिकृत रुपमा), तथा विगत तीन वर्षको प्रति शेयर आम्दानी र प्रति शेयर नेटवर्थ सम्बन्धी विवरण :**

एन आई सी एशिया बैंक लिमिटेडको विगत तीन वर्षको लेखापरीक्षण भएको समष्टिकृत वासलात, नाफा नोक्सान हिसाब, नाफा नोक्सान बाँडफाँट हिसाब तथा नगद प्रवाह विवरण तथा विगत तीनवर्षको प्रति शेयर आम्दानी (EPS) र प्रति शेयर नेटवर्थसम्बन्धी विवरण देहाय बमोजिम रहेको छ :

**वासलात** *(रु. मा)*

| विवरण | वास्तविक | | |
|---|---|---|---|
| | आ. व. ०७१/७२ | आ. व. ०७२/७३ | आ. व. ०७३/७४ |
| **पूँजी तथा दायित्व** | | | |
| शेयर पूँजी | ३,६९,५०,१५,८७२ | ५,७७,६२,५४,४३० | ८,०३,११,१६,९९८ |
| जगेडा तथा कोषहरु | १,८०,३७,६८,४३३ | १,६०,६५,९०,२८७ | २,०८,५०,६२,१९२ |
| नियन्त्रण नहुने स्वार्थ | | | |
| ऋणपत्र तथा बण्ड | ५०,००,००,००० | ५०,००,००,००० | ५०,००,००,००० |
| तिर्न बाँकी कर्जा सापटी | | १,८५,००,००,००० | ५०,००,००,००० |
| निक्षेप हिसाब | ५३,४७,७१,८४,२३९ | ६९,४८,७९,९७,२६५ | ८६,६९,७१,४०,२८९ |
| भुक्तानी दिनुपर्ने बिलहरू | ४,१०,१७,९८६ | ३,३३,१५,२६७ | ६,९०,५१,७०५ |
| प्रस्तावित तथा भुक्तानी दिन बाँकी लाभांश | ५,४५,६४,७९३ | ६,३२,०४,२१९ | ७,०४,४८,३९५ |
| आयकर दायित्व | ८२,२२५ | - | - |
| अन्य दायित्व | ९४,७७,६५,६६७ | १,०८,१०,३४,९६४ | १,३२,१२,१७,४९३ |
| **जम्मा पूँजी तथा दायित्व** | **६०,५१,९३,९९,२१५** | **८०,४५,६५,१९,७५९** | **९९,२७,४०,३७,०७०** |
| **सम्पती** | | | |
| नगद मौज्दात | १,०४,१५,६६,५४१ | १,१६,८२,७४,६३५ | १,८४,०१,५६,२१७ |
| नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | ४,७६,२९,५५,०४९ | ४,३९,६१,६०,११३ | १०,२६,१७,५०,२८२ |
| बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात | ८६,७९,९२,४०८ | २,१६,५०,१६,१७१ | १,६३,९६,७२,२५९ |
| माग तथा अल्प सूचनामा प्राप्त हुने रकम | - | - | - |
| लगानी | १०,१२,४०,८०,६९० | १२,८८,९८,१५,४२७ | ११,५२,३७,४०,७७५ |
| कर्जा, सापट तथा बिल खरिद | ४२,१४,४३,३६,६८८ | ५८,४५,१३,७५,९६७ | ७१,५८,४०,५१,५२१ |
| स्थिर सम्पत्ति | ५६,६८,६५,७६२ | ५३,७४,०३,६६० | १,०६,२९,४९,६७३ |
| गैर बैंकिङ्ग सम्पत्ति | - | - | - |
| अन्य सम्पत्ति | १,०१,१६,०२,०७७ | ८४,८६,०३,१६५ | १,३६,९६,५८,०९४ |
| **जम्मा सम्पती** | **६०,५१,९३,९९,२१५** | **८०,४५,६५,१९,७५९** | **९९,२७,४०,३७,०७०** |

**नाफा-नोक्सान हिसाव विवरण** (रु.मा)

| विवरण | वास्तविक | | |
|---|---|---|---|
| | आ. व. ०७१/७२ | आ. व. ०७२/७३ | आ. व. ०७३/७४ |
| व्याज आम्दानी | ३,९१,७७,५९,४५८ | ४,४०,१९,११,११७ | ६,९०,४१,१३,३५३ |
| व्याज खर्च | २,३४,०२,८७,७४० | २,४४,४१,७६,२५२ | ४,३६,२४,८२,८९९ |
| **खुद व्याज आम्दानी** | **१,५७,७४,७१,७१८** | **१,९५,७७,३४,८६५** | **२,५४,१६,३०,४५४** |
| कमिशन तथा डिस्काउण्ट | १३,१६,२३,५१४ | १४,३६,८६,८५७ | १५,४५,१२,७५४ |
| अन्य सञ्चालन आम्दानी | २६,६७,१२,७६५ | ३४,४३,१९,२६३ | ५५,२४,९६,९०२ |
| सटही घटबढ आम्दानी | १२,६४,०२,९४५ | १६,७५,०७,६३० | १८,४८,९५,९३९ |

| | | | |
|---|---|---|---|
| **कुल सञ्चालन आम्दानी** | २,१०,२२,१०,९४२ | २,६१,३२,४८,६१५ | ३,४३,३५,३६,०५० |
| कर्मचारी खर्च | ४२,१७,७७,५९५ | ५४,३३,१९,१९० | ८४,०२,३७,९९९ |
| अन्य सञ्चालन खर्च | ४५,१८,२०,६२९ | ५०,९८,९०,८३३ | ७४,४१,६५,०३२ |
| **सम्भावित नोक्सानी व्यवस्था अघिको सञ्चालन मुनाफा/नोक्सान** | **१,२२,८६,१२,७१९** | **१,५६,००,३८,५९२** | **१,८४,९१,३३,०२०** |
| सम्भावित नोक्सानी व्यवस्थाहरु | ३६,०३,७८,६६७ | १९,०४,७५,४१२ | १४,९३,०१,१३९ |
| **सञ्चालन मुनाफा** | **८६,८२,३४,०५२** | **१,३६,९५,६३,१८०** | **१,६९,९८,३१,८८०** |
| गैर सञ्चालन आम्दानी/(नोक्सान) | १,३४,१३,४४३ | २,८२,००,८५७ | ३,४७,७७,७५८ |
| सम्भावित नोक्सानी व्यवस्थाबाट फिर्ता | १८,३०,७३,३३६ | ३३,५३,३१,४४७ | ४५,४५,६७,९८६ |
| **नियमित कारोबारबाट भएको मुनाफा** | **१,०६,४७,२०,८३०** | **१,७३,३०,९५,४८४** | **२,१८,९१,७७,६२५** |
| असामान्य कारोबार हरुबाट भएको मुनाफा/(नोक्सान) | ३०,३८,६७९ | (४,७१,२८,३४९) | १०,७७,६४,१३४ |
| **सम्पूर्ण कारोबार समावेश पछिको खुद मुनाफा** | **१,०६,७७,५९,५१०** | **१,६८,५९,६७,१३४** | **२,२९,६९,४१,७५८** |
| कर्मचारी बोनस व्यवस्था | ९,७०,६९,०४६ | १५,३२,६९,७३९ | २०,८८,१२,८८७ |
| **आयकर व्यवस्था** | **२९,०३,७३,३६३** | **४६,५७,९१,१६३** | **६१,४६,६२,९०४** |
| यस वर्षको | २८,७१,२१,२९२ | ४६,२९,०१,०७८ | ६२,५४,५७,७९० |
| गत वर्षको | - | ९०,००,००० | - |
| स्थगन कर (आम्दानी/खर्च) | ३२,५२,०७१ | (६१,०९,९१५) | (१,०७,९४,८८६) |
| **खुद नाफा/(नोक्सान)** | **६८,०३,१७,१०१** | **१,०६,६९,०६,२३२** | **१,४७,३४,६५,९६७** |

**नाफा-नोक्सान बाडफाँड हिसाव विवरण** (रु.मा)

| विवरण | वास्तविक | | |
|---|---|---|---|
| | आ. व. ०७१/७२ | आ. व. ०७२/७३ | आ. व. ०७३/७४ |
| **आम्दानी** | | | |
| गत वर्षसम्मको संचित मुनाफा | १७,०७,१४,२२० | ४,१०,४१,८६८ | १०,५६,४४,११६ |
| यस वर्षको मुनाफा | ६८,०३,१७,१०१ | १,०६,६९,०६,२३२ | १,४७,३४,६५,९६७ |
| पूँजी समायोजन कोषबाट फिर्ता | - | १,४०,००,००० | ११,२३,९८६ |
| स्थगन कर जगेडा कोष | ३२,५२,०७१ | - | - |
| पूँजीगत जगेडा कोषबाट फिर्ता | ४५,१९,०८,४१६ | ५४,८०,९१,५८४ | - |
| शेयर प्रिमियमबाट फिर्ता | ६,७८,३८,४११ | - | ४१,३९,७३,८३१ |
| **जम्मा** | **१३७,४०,३०,२१९** | **१६७,००,३९,६८४** | **१,९९,४२,०७,९००** |
| **खर्च** | | | |
| गत वर्षसम्मको संचित नोक्सान | - | - | - |
| यस वर्षको नोक्सान | - | - | - |
| साधारण जगेडा कोष | १३,६०,६३,४२२ | २१,३३,८१,२४८ | २९,४६,९३,१९४ |
| भैपरी आउने जगेडा कोष | - | - | - |
| संस्था विकास कोष | - | - | - |
| लाभांश समीकरण कोष | - | - | - |
| कर्मचारी सम्बन्धी जगेडाहरु | - | - | - |
| प्रस्तावित लाभांश | ५,४५,६४,७९३ | ६,३२,०४,२१९ | ७,०४,४८,३९५ |
| प्रस्तावित बोनस शेयर जारी | १,०३,६७,३१,०७२ | १,२०,०८,८०,१५८ | १,३३,८५,१९,५०० |
| विशेष जगेडा कोष | - | - | - |
| सटही घटबढ कोष | - | ६,४०,२१२ | ७,३१,७१० |
| पूँजी फिर्ता जगेडा कोष | - | - | - |
| पूँजी समायोजन कोष | - | - | - |
| लगानी समायोजन कोष | ३,४२,००,४९२ | ८७,५१,२४३ | - |

| | | | |
|---|---|---|---|
| एन आई सी एशिया बण्ड फिर्ता जगेडा कोष | ७,१४,२८,५७२ | ७,१४,२८,५७२ | ७,१४,२८,५७२ |
| स्थगन कर कोष | - | ६१,०९,९१५ | १,०७,९४,८८६ |
| **जम्मा** | **१,३३,२९,८८,३५१** | **१,५६,४३,९५,५६८** | **१,८०,१३,५०,९१७** |
| **सञ्चित मुनाफा/नोक्सान** | **४,१०,४१,८६८** | **१०,५६,४४,११६** | **१९,२८,५६,९८३** |

**नगद प्रवाह विवरण** (रु.मा)

| विवरण | | वास्तविक | | |
|---|---|---|---|---|
| | | आ. व. ०७१/७२ | आ. व. ०७२/७३ | आ. व. ०७३/७४ |
| क | कारोबार संचालनबाट नगद प्राप्त | - | ३,४३,९२,६४,२०४ | ६,७३,०१,२५,७१० |
| १ | **नगद प्राप्ती** | **४,३०,४०,१५,९०९** | **४,८७,०९,२७,८६९** | **७,६४,५८,१३,४६१** |
| | व्याज आम्दानी | ३,७६,९९,७७,०८२ | ४,२१,८१,२२,५८५ | ६,६४,६०,५८,९१३ |
| | कमिशन तथा डिस्काउण्ट आम्दानी | १४,१०,२३,११६ | १३,१८,५७,६९३ | १५,१८,३६,५७३ |
| | विदेशी विनियम कारोबारबाट आम्दानी | १२,६४,०२,९४५ | १६,७५,०७,६३० | १८,४८,९५,९३९ |
| | अपलेखित कर्जाको असूली | - | - | - |
| | अन्य आम्दानी | २६,६७,१२,७६५ | ३५,३४,३९,९६१ | ६६,३०,२२,०३६ |
| | स्थगन कर आम्दानी | - | - | - |
| २ | **नगद भुक्तानी** | **(३,३९,५०,३९,७२७)** | **(३,७८,९८,०५,८२४)** | **(६,४९,५७,२९,२५४)** |
| | ब्याज खर्च | (२,२३,६५,९३,५३४) | (२,२६,७८,५६,३७०) | (४,३२,९२,९०,१२२) |
| | कर्मचारी खर्च | (५५,०९,५१,२६४) | (६३,३८,५८,७१४) | (९४,७०,२८,९४४) |
| | कार्यालय संचालन खर्च | (३४,०३,७४,५२४) | (४०,५९,३५,२०५) | (६१,४९,१९,५१७) |
| | आयकर भुक्तानी | (२६,७१,२०,४०६) | (४८,२१,५५,५३५) | (६०,४४,९०,६७१) |
| | अन्य खर्च | - | - | - |
| | **कार्यगत पूँजी गतिविधि अघिको नगद प्रवाह** | ९०,८९,७६,१८१ | १,०८,११,२२,०४५ | १,१५,००,८४,२०७ |
| | **संचालन सम्बन्धी चालू सम्पत्ती मा कमी /(बृद्धि)** | **(८,५४,९३,९८,०१७)** | **(१५,५०,७२,७७,५५९)** | (१०,४२,६४,१०,८६७) |
| | माग तथा अल्पसुचनामा प्राप्त हुने रकममा कमी /(वृद्धि) | - | - | - |
| | अन्य अल्पकालीन लगानीमा कमी /(बृद्धि) | (२,४६,२३,४६,९८३) | ४८,७०,२९,४७८ | २,९१,६५,४५,९७० |
| | कर्जा तथा बिल खरीदमा कमी /(बृद्धि) | (६,०२,५८,१८,९००) | (१६,२१,५९,३१,७८५) | (१२,८२,७२,६१,१८४) |
| | अन्य सम्पत्तिमा कमी /(बृद्धि) | (६,१२,३२,१३४) | २२,१६,२४,७४८ | (५१,५६,९५,६५३) |
| | गैर बैंकिङ्ग सम्पत्तिमा कमी /(बृद्धि) | - | - | - |
| | **संचालन सम्बन्धी चालु दायित्वमा (कमी) / बृद्धि** | **८,६१,१८,०१,९२७** | **१७,८६,५४,१९,७१९** | **१६,०३,७२,५८,९५८** |
| | निक्षेप दायित्वमा (कमी) /बृद्धि | ८,४९,२९,६५,७७२ | १,६,०१,०८,१३,०२६ | १७,२०,९१,४३,०२४ |
| | सर्टिफिकेट अफ डिपोजिटमा (कमी) /बृद्धि | - | - | - |
| | अल्पकालीन सापटीमा (कमी) /बृद्धि | - | १,८५,००,००,००० | १,३५,००,००,००० |
| | अन्य दायित्वमा (कमी) /बृद्धि | ११,८८,३६,१५५ | ४६,०६,६९२ | १७,८१,१५,९३४ |
| ख | **लगानी कारोवारमा नगद प्रवाह** | - | **(३,१५,९०,८३,१६८)** | **(१,९२,३०,५८,३०८)** |
| | दीर्घकालीन लगानीमा कमी /(बृद्धि) | (१,१९,१५,९२,०७०) | (३,२५,२४,३१,८७०) | (१,५६,५०,२२,२०६) |
| | स्थीर सम्पत्तिमा कमी /(बृद्धि) | (१५,८२,०९,५३८) | (७,३१,६८,३५१) | (६४,६१,८४,९०३) |
| | दीर्घकालीन लगानीमा ब्याज आम्दानी | १६,७३,३३,४८२ | १३,६०,५२,३६३ | २४,१७,२८,६७९ |
| | लाभांश आम्दानी | १,०१,७१,२३६ | १,८५,८९,८९७ | ४,३४,०६,६२१ |
| | अन्य श्रोत | ४,४३,१७,०४९ | १,०९,७४,७९३ | ३०,१३,५०२ |
| ग | **वित्तीय कारोवारबाट नगद प्रवाह** | - | **७७,७६,५५,८८५** | **१,१७,४२,५३,८४८** |
| | दीर्घकालीन ऋण (बण्ड, डिबेन्चर आदि) मा (कमी) /बृद्धि | - | - | - |
| | शेयर पूँजीमा (कमी) /बृद्धि | - | ८८,०३,५८,४०० | १,३३,०३,१६,८९९ |
| | अन्य दायित्वमा (कमी) /बृद्धि | (२,४३,८१,८४९) | (३,६२,५०,०००) | (३,६२,५०,०००) |

| | लाभांश खर्च | (३२,९८,९५,१७५) | (६,६४,५२,५१५) | (११,९८,१३,०५१) |
|---|---|---|---|---|
| **घ** | **नगद तथा बैंक मौज्दातको विनिमय दरमा भएको फरकबाट आम्दानी/खर्च** | - | - | - |
| **ङ** | **यस बर्षको सम्पूर्ण गतिविधिबाट नगद प्रवाह (क+ख+ग+घ)** | (५१,०८,७६,७७२) | १,०५,६९,३६,९२२ | ६,०१,२१,२७,८३८ |
| **च** | **नगद तथा बैंकमा रहेको सुरु मौज्दात** | ७,१८,३३,९०,७७० | ६,६७,२५,१३,९९८ | ७,७२,९४,५०,९२० |
| **छ** | **नगद तथा बैंकमा रहेको अन्तिम मौज्दात** | ६,६७,२५,१३,९९८ | ७,८२,९४,५०,९२० | १३,७४,१५,७८,७५७ |

**विगत तीन वर्षको प्रति शेयर आम्दानी (EPS) निम्नानुसार छ।**

| विवरण | वास्तविक | | |
|---|---|---|---|
| | आ. व. ०७१/७२ | आ. व. ०७२/७३ | आ. व. ०७३/७४ |
| प्रति शेयर आम्दानी (EPS) | २५.५९ | २८.३१ | २३.०६ |

**विगत तीन वर्षको प्रति शेयर नेटवर्थ सम्बन्धी विवरण देहाय बमोजिम छ।**

| विवरण | वास्तविक | | |
|---|---|---|---|
| | आ. व. ०७१/७२ | आ. व. ०७२/७३ | आ. व. ०७३/७४ |
| चुक्ता पूँजी | ३,६९,५०,१५,८७२ | ५,७७,६२,५४,४३० | ८,०३,११,१६,९९८ |
| जगेडा तथा कोषहरु | १,८०,३७,६८,४३३ | १,६०,६५,९०,२८७ | २,०८,५०,६२,१९२ |
| **जम्मा नेटवर्थ (रु)** | **५,४९,८७,८४,३०५** | **७,३८,२८,४४,७१७** | १०,११,६१,७९,१९० |
| शेयर संख्या हजारमा | २६,५८२.८५ | ४५,७५३.७४ | ६६,९२५.९८ |
| प्रति शेयर नेटवर्थ (रु.) | २०७ | १६१ | १५१ |
| नेटवर्थमा औषत प्रतिफल (%) | १३.०५ | १६.५० | १६.८४ |
| प्रति शेयर चुक्ता पूँजी (रु.) | १०० | १०० | १०० |

**६ . योजना व्यवस्थापक सम्बन्धी विवरण :**

**६.१ योजना व्यवस्थापकको परिचय :**

**(क) योजना व्यवस्थापकको नाम :**

श्री एन आई सी एशिया क्यापिटल लिमिटेड ।

**(ख) योजना व्यवस्थापक स्थापित भएको ऐन/नियम सम्बन्धी विवरण :**

योजना व्यवस्थापक कम्पनी श्री एन आई सी एशिया क्यापिटल लिमिटेड कम्पनी ऐन, २०६३ अन्र्तगत स्थापना भई धितोपत्र सम्बन्धी ऐन, २०६३ अन्तर्गत धितोपत्र व्यवसायी मर्चेन्ट बैंकरको रुपमा कार्य गर्न अनुमति प्राप्त संस्था हो ।

**(ग) योजना व्यवस्थापकको रजिष्टर्ड तथा कारोवार ठेगाना :**

रजिष्टर्ड ठेगाना : काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका, वडा नं: ११, थापाथली, काठमाण्डौ ।
कारोवार ठेगाना : काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका, वडा नं: ११, बबरमहल, काठमाण्डौ ।

**(घ) योजना व्यवस्थापकको स्थापनाकाल देखि हालसम्मको संक्षिप्त इतिहास :**

एन आई सी एशिया क्यापिटल लिमिटेड कम्पनी ऐन, २०६३ अन्तर्गत मिति २०७३/०२/०२ मा नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको हो । कम्पनीले धितोपत्र सम्बन्धी ऐन २०६३ अन्तर्गत धितोपत्र व्यवसायी मर्चेन्ट बैंकरको रुपमा कार्य गर्न नेपाल धितोपत्र बोर्डवाट मिति २०७३/११/०८ मा अनुमति पत्र प्राप्त गरी सोहि मितिबाट मर्चेन्ट बैंकिङ्ग सेवा प्रदान गर्दै आएको छ । कम्पनीले आफ्नो स्थापना वर्षमा शेयर रजिष्ट्रार सेवा, लगानी व्यवस्थापन सेवाको रुपमा कार्य गरेकोमा हाल कम्पनीले सोको अलावा आफुले प्रदान गर्ने सेवालाई विविधिकरण गर्दै धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक तथा शेयर प्रत्याभूती सेवा समेत प्रदान गर्दै आएको छ । यस कम्पनीले मिति २०७४/०३/१८ मा नै नेपाल धितोपत्र बोर्डबाट योजना व्यवस्थापक तथा डिपोजिटरीको कार्य गर्ने अनुमति समेत प्राप्त गरेको छ ।

**(ङ) योजना व्यवस्थापकका प्रमुख उद्देश्यहरु :**

प्रबन्धपत्रमा उल्लेख भए बमोजिम योजना व्यवस्थापकका प्रमुख उद्देश्यहरु देहाय बमोजिम रहेका छन् :

१. संगठित संस्थाको धितोपत्र निष्कासनका लागि विवरण पत्र, बिक्री सम्बन्धी प्रस्ताव तथा अन्य विवरण तयार गर्ने लगायत धितोपत्रको निष्काशन तथा बिक्री प्रबन्ध सम्बन्धी आवश्यक सबै कार्यहरु गर्ने ।

२. संगठित संस्थाको तर्फबाट धितोपत्र धनीहरुको अभिलेख राख्ने तथा धितोपत्र धनीहरुको नामसारी लगायत शेयर रजिष्ट्रेशन सम्बन्धी अन्य सेवा प्रदान गर्ने ।
३. लगानी व्यवस्थापन सम्बन्धी कार्य गर्ने ।
४. लगानी सम्बन्धी परामर्श सेवा प्रदान गर्ने ।
५. संगठित संस्थासंग सम्झौता गरी संगठित संस्थाले निष्काशन गरेको धितोपत्रहरु बिक्री नभएको अवस्थामा आफुले खरीद गर्न प्रत्याभूति (अण्डरराइटिङ्ग) दिने कार्य गर्ने ।
६. ग्राहकसंग सम्झौता गरी ग्राहकका लागि लगानी व्यवस्थापन सम्बन्धी कार्य गर्ने ।
७.सामूहिक लगानी कोष व्यवस्थापन सम्बन्धि कार्य गर्ने ।
८.धितोपत्र दर्ता वा धितोपत्रको केन्द्रिय निक्षेप सेवा वा डिपोजिटरी (कस्टोडियन) सेवा सम्वन्धि कार्य गर्ने ।
९. धितोपत्र कारोवारको हिसाब राफसाफ गर्ने सम्बन्धी कार्य गर्ने ।
१०.धितोपत्र बजार निर्माताको काम गर्ने ।
११.वित्तीय, व्यवस्थापन, पूँजी पुनर्संरचना, मर्जर, एक्वीजिसन, टेकओभर आदि वा सो सम्बन्धी परामर्श सेवा प्रदान गर्ने ।

**६.२ योजना व्यवस्थापकको भावी योजना तथा रणनीति :**

(क) व्यवसाय/ सेवा बृद्धिका लागि योजना व्यवस्थापकको भावी योजना र त्यस्तो योजनाको प्राप्तिका लागि चालिने समयबद्ध रणनीति :
कम्पनीले बजारको अवस्था हेरी यस योजनाका अतिरिक्त अन्य विभिन्न योजनाहरु समेत सञ्चालनमा ल्याउनेछ । नेपाल धितोपत्र बोर्डको अनुमति लिई धितोपत्र सम्बन्धी अन्य व्यवसायहरु गर्ने कम्पनीको योजना रहेको छ । कम्पनीले समय सापेक्ष आफ्नो प्रविधि सुधार गरी नेपाल भर आफनो सेवा विस्तार गर्ने तथा लगानी (इन्भेष्टमेन्ट) बैंकिङ्गको क्षेत्रमा विविध नयाँ सेवा प्रदान गर्दै जाने रणनीति लिएको छ ।

(ख) प्रतिस्पर्धा, विद्यमान आर्थिक स्थिति र समान किसिमको उद्योगको स्थितिको आधारमा योजना व्यस्थापकको व्यवसायको भविष्य :
नेपाली पूँजी बजारमा सामुहिक लगानी कोषको अवधारणा हालसालै विकास भएको हो । धितोपत्र बजार विस्तारको क्रममा रहेको वर्तमान अवस्थामा कोष व्यवस्थापन व्यवसायको राम्रो भविष्य रहेको छ । बजारमा संस्थागत लगानीकर्ताको न्यून सहभागीता रहेको वर्तमान अवस्थामा यसले धितोपत्रको बजार मूल्यमा आउन सक्ने अस्वभाविक उतार चढावलाई सन्तुलनमा ल्याउने तथा जनसाधारणको लगानीलाई उचित तवरले व्यवस्थापन गरी उनीहरुलाई उचित प्रतिफल प्रदान गर्ने र सो बाट धितोपत्र बजारमा जनसाधारणको सहभागितामा अभिबृद्धि गरी समग्र धितोपत्रको विकासमा सघाउ पुऱ्याउनेछ । यस प्रकारको सेवा प्रदान गर्न स्थापित कम्पनीहरु सेवाको प्राथमिक चरणमै रहेका छन् । यस कम्पनीले आफ्नो क्षेत्रमा प्रतिस्पर्धी रहन आवश्यक रणनीति तयार गरेको छ । कम्पनी आफ्नो लगानीमा रहेका जोखिमहरु कम गरी भविष्यमा पूँजीबजारमा महत्वपूर्ण स्थान लिने विश्वास लिइएको छ । साथै यस प्रकारको व्यवसायमा व्यवसायिक तथा प्रतिस्पर्धि संस्थाको रुपले अगाडि बढ्न एन आई सी एशिया क्यापिटल लिमिटेड प्रतिबद्ध छ ।

**६.३ योजना व्यवस्थापकको संचालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था :**

योजना व्यवस्थापकको ५ सदस्यीय संचालक समिति रहेको छ । जसमा सामूहिक लगानी कोष नियमावली, २०६७ को व्यवस्था बमोजिम १ तिहाई अर्थात २ जना सदस्य स्वतन्त्र संचालक रहेका छन् भने कोष प्रबर्द्धक एन आई सी एशिया बैंक लि. बाट ३ जना प्रतिनिधि रहेका छन् ।

**६.४ योजना व्यवस्थापकको पूँजी संरचना (अधिकृत, जारी तथा चुक्ता पूँजी) सम्बन्धी जानकारी :**

(क) <u>**अधिकृत पूँजी**</u> : कम्पनीको अधिकृत पूँजी रु. २०,००,००,०००/- (अक्षरेपी बीस करोड मात्र) रहेको छ । उक्त पूँजीलाई रु.१००/– का दरले २०,००,००० (बीस लाख) थान इकाईमा बिभाजन गरिएको छ ।

(ख) <u>**जारी पूँजी**</u> : कम्पनीको जारी पूँजी रु. २०,००,००,०००/- (अक्षरेपी बीस करोड मात्र) रहेको छ । उक्त पूँजीलाई रु.१००/– का दरले २०,००,००० (बीस लाख) थान इकाईमा बिभाजन गरिएको छ ।

(ग) <u>**चुक्ता पूँजी :**</u> कम्पनीको चुक्ता पूँजी रु. २०,००,००,०००।- (अक्षेरुपी बीस करोड मात्र) रहेको छ । उक्त पूँजीलाई रु.१००/- का दरले २०,००,००० (बीस लाख) थान इकाईमा बिभाजन गरिएको छ ।

**६.५ योजना व्यवस्थापकको संस्थापक तथा सञ्चालक सम्बन्धी जानकारी :**

**(क) संस्थापक शेयरधनीहरुको नाम, ठेगाना, राष्ट्रियता, शेयर स्वामित्व (चुक्ता पूँजीको आधारमा), शैक्षिक योग्यता र अनुभव :**

| क. सं | नाम | ठेगाना | राष्ट्रियता | शेयर स्वामित्व % मा | शैक्षिक योग्यता | अनुभव |
|---|---|---|---|---|---|---|
| १ | श्री एन आई सी एशिया बैंक लि. | वडा नं ११, ट्रेड टावर नेपाल, थापाथली, काठमाण्डौ | नेपाली | १०० | लागू नहूने | लागू नहूने |

**(ख) सञ्चालकहरुको नाम, पद, उमेर, ठेगाना, राष्ट्रियता, शैक्षिक योग्यता र अनुभव :**

| सि.नं | नाम | पद | प्रतिनिधित्व | उमेर | राष्ट्रियता | ठेगाना | शैक्षिक योग्यता | अनुभव |
|---|---|---|---|---|---|---|---|---|
| १. | श्री सुधिर नाथ पाण्डे | अध्यक्ष | एन आई सी एशिया बैंक लि. | ४९ | नेपाली | का.म.न.पा - ४, काठमाण्डौ | स्नातक | बैंकिङ्ग क्षेत्रमा १८ वर्षको कार्य अनुभव |
| २. | श्री रोशन कुमार न्यौपाने | संचालक | एन आई सी एशिया बैंक लि. | ३६ | नेपाली | धैवुङ्ग १, रसुवा | सि.ए/ स्नातक | ८ वर्ष भन्दा बढीको बैंकिङ्ग अनुभव |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३. | श्री विशाल सिग्देल | संचालक | एन आई सी एशिया बैंक लि. | ३१ | नेपाली | पोखरा - १३, कास्की | सिए, बिबिएस, एम ए (इको) | ७ वर्ष भन्दा बढीको बैंकिङ्ग अनुभव |
| ४. | श्री रविन सापकोटा | संचालक | स्वतन्त्र संचालक | ३८ | नेपाली | काठमाडौं-२, टंगाल काठमाडौं | सि.ए., बिबिएस | विगत ९ वर्ष देखि अडिटिङ तथा कन्सलटेन्ट पेशामा आबद्ध |
| ५. | श्री सुमन डंगोल | संचालक | | ३७ | नेपाली | काठमाडौं-३२, बानेश्वर काठमाडौं । | सि.ए., बिबिएस | बिगत ९ वर्ष देखि अडिटिङ तथा कन्सलटेन्ट पेशामा आबद्ध |

**(ग) संस्थापकहरु कुनै कम्पनी/सस्था भएमा त्यस्तो कम्पनी/संस्थाको नाम तथा ठेगाना, कम्पनीले गर्ने व्यवसाय तथा उक्त कम्पनी/संस्थाका सञ्चालकहरुको नाम, ठेगाना, (प्राकृतिक व्यक्ति नखुलेसम्म) :**

| सि.नं. | संस्थापक कम्पनीको नाम | कम्पनीले गर्ने व्यवसाय | संचालकहरुको | | |
|---|---|---|---|---|---|
| | | | नाम | पद | ठेगाना |
| १. | श्री एन आई सी एशिया बैंक लिमिटेड | बैंकिङ्ग व्यवसाय | श्री तुलसी राम अग्रवाल | अध्यक्ष | बिराटनगर ९, मोरङ्ग । |
| | | | श्री जगदिश प्रसाद अग्रवाल | संचालक | विराटनगर.उ.म.न.पा. वडा नं ९,मोरङ्ग । |
| | | | श्री राम चन्द्र संघई | संचालक | का.म.न.पा वडा नं. ३१, काठमाण्डौ । |
| | | | श्री राजेन्द्र प्रसाद अर्याल | संचालक | का.म.न.पा वडा नं. ०२, काठमाण्डौ । |
| | | | श्री विनोद कुमार प्याकुरेल | संचालक | का.म.न.पा. वडा नं १, नक्साल, काठमाण्डौं |
| | | | श्री आदित्य कुमार अग्रवाल | संचालक | का.म.न.पा. वडा नं. ३१, काठमाण्डौ । |
| | | | श्री गणेशमान श्रेष्ठ | स्वतन्त्र संचालक | का.म.न.पा. वडा नं १६, काठमाण्डौं । |

**(घ) संगठित संस्थाको सञ्चालक अन्य कुनै कम्पनी/संस्थासँग आवद्ध भए त्यस्तो सञ्चालक र आवद्ध भएको कम्पनी/संस्थाको नाम तथा ठेगाना :**

| सि.नं | संचालकको नाम | आवद्ध भएको अन्य कम्पनीको नाम तथा ठेगाना | पद |
|---|---|---|---|
| १. | श्री सुधिर नाथ पाण्डे | एन आई सी एशिया बैंक लिमिटेड, थापाथली, काठमाण्डौ । | सहायक प्रमुख कार्यकारी अधिकृत |
| २. | श्री रोशन कुमार न्यौपाने | एन आई सी एशिया बैंक लिमिटेड, थापाथली, काठमाण्डौ । | सहायक प्रमुख कार्यकारी अधिकृत |
| ३. | श्री विशाल सिग्देल | एन आई सी एशिया बैंक लिमिटेड, थापाथली, काठमाण्डौ । | प्रमुख बित्त अधिकृत |
| ४. | श्री रविन सापकोटा | आर सापकोटा एण्ड एशोसिएट्स, काठमाण्डौ । | प्रोप्राईटर |
| ५. | सि.ए. सुमन डंगोल | एस डंगोल एण्ड एशोसिएट्स, काठमाण्डौ । | प्रोप्राईटर |

**(ङ) सञ्चालकहरुलाई दिइएको भत्ता तथा पारिश्रमिक सम्बन्धी विवरण :** उक्त बैठक भत्ता कम्पनीको वार्षिक साधारण सभाबाट पारित भए बमोजिम हुनेछ ।

**६.६ योजना व्यवस्थापकको कर्मचारीसम्बन्धी जानकारी :**

**(क) योजना व्यवस्थापकको उच्च व्यवस्थापकीय तहका कर्मचारीहरुको नाम,पद, उमेर, शैक्षिक योग्यता, व्यवसायिक अनुभवसम्बन्धी विवरण :**

| क्र.सं. | कर्मचारीको नाम | पद | उमेर | शैक्षिक योग्यता | अनुभव |
|---|---|---|---|---|---|
| १. | श्री झनक राज ढुङ्गेल | प्रमुख कार्यकारी अधिकृत | ४६ | एम.बि.ए. | बैक तथा वित्तिय संस्थामा २३ बर्ष भन्दा बढीको कार्य अनुभव । |
| २. | श्री सुदय कान्त झा | प्रमुख, अनुसन्धान, जोखिम व्यवस्थापन तथा अनुपालना/ पोर्टफोलियो व्यवस्थापन ट्रेजरी तथा योजना /लगानी बैंकिंङ्ग | ३१ | CFA, FCCA, BSc. Hons. | Investment Management, Corporate Finance, Business Management, Accounts & Audit, क्षेत्रमा १० बर्ष भन्दा बढीको अनुभव । |

| | | | | | |
|---|---|---|---|---|---|
| ३. | श्री राम प्रसाद भट्टराई | प्रमुख मर्चेन्ट बैकिंङ्ग | ३८ | एम.वि.ए., बि.कम | मर्चेन्ट बैकिंङ्ग क्षेत्रमा ८ वर्ष भन्दा वढीको कार्य अनुभव |
| ४. | श्री निरोज राजभण्डारी | प्रमुख, वित्त, सामान्य प्रशासन सेवा तथा जनसंसाधन | ३३ | एम.बि.ए., एम.बि.एस | Finance & Accounts, Business Management & Administration क्षेत्रमा ९ वर्ष भन्दा बढीको कार्य अनुभव । |

**(ख) योजना व्यवस्थापकको उच्च व्यवस्थापकीय तहका अधिकृतलाई दिएको भत्ता तथा पारिश्रमिक सम्बन्धी विवरण :**

| क्र.सं. | नाम | पद | श्रावण १, २०७४ देखि असोज मसान्त, २०७४ सम्मको तलव तथा भत्ता रु. | कैफियत |
|---|---|---|---|---|
| १. | श्री झनक राज ढुङ्गेल | प्रमुख कार्यकारी अधिकृत | - | - |
| २. | श्री सुदय कान्त झा | प्रमुख, अनुसन्धान, जोखिम व्यवस्थापन तथा अनुपालना/ पोर्टफोलियो व्यवस्थापन ट्रेजरी तथा योजना /लगानी बैंकिङ्ग | ३,८०,४७६।०० | ३ महिना |
| ३. | श्री राम प्रसाद भट्टराई | प्रमुख मर्चेन्ट बैकिंङ्ग तथा कम्पनी सचिव | २,१७,३६०।०० | ३ महिना |
| ४. | श्री निरोज राजभण्डारी | प्रमुख, वित्त, सामान्य प्रशासन सेवा तथा जनसंसाधन | १,५६,७५०।०० | ३ महिना |

**६.७ योजना व्यवस्थापकको सञ्चालन अवधि तीन वर्ष व्यतित भैसकेको भए विगत तीन वर्षको र तीन वर्ष व्यतित भैनसकेको भए सञ्चालन अवधि भरको लेखापरीक्षण भएको (लेखापरीक्षण नभएको भए व्यवस्थापनबाट प्रमाणित) वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाहको विवरण :**

**क. वासलात**

*रकम (रु.मा)*

| विवरण | आषाढ ३२, २०७२ | आषाढ ३१, २०७३ | आषाढ ३१, २०७४ |
|---|---|---|---|
| **सम्पत्ति** | | | |
| **गैर चालु सम्पत्ति** | | | |
| प्रोपर्टिज् प्लान्ट र उपकरण | - | - | ३३,६६,८४९ |
| अमूर्त सम्पत्ति | - | - | ५२,१६,०७८ |
| वित्तीय सम्पत्ति परिशोधित मूल्यमा (मुद्दत्ती) | - | - | ५,००,००,००० |
| कर्जा तथा सापटी | - | - | ५,२६,९५७ |
| स्थगन कर सम्पत्ति | - | २२,५३१ | - |
| **जम्मा गैर चालु सम्पत्ति** | - | **२२,५३१** | **५,९१,०९,८८४** |
| **चालु सम्पत्ती** | | | |
| नगद तथा नगद समान | - | १०,००,००,००० | २,७८,०४,७६७ |
| व्यापारीक दायित्व | - | - | ७,४२,५४७ |
| अग्रीम व्यय तथा सापटी | - | १,०६,८४९ | १९,८३,१२६ |
| कर्जा तथा सापटी | - | - | ३६,३५६ |
| वित्तीय सम्पत्ति परिशोधित मूल्यमा (मुद्दत्ती) | - | - | २,००,००,००० |
| वित्तीय सम्पत्ति नाफा वा नोक्सान मार्फत Fair Value मा | - | - | ४८,१५३ |
| **जम्मा चालु सम्पत्ति** | - | **१०,०१,०६,८४९** | **५,०६,१४,९४९** |
| **जम्मा सम्पत्ति** | - | **१०,०१,२९,३८०** | **१०,९७,२४,८३३** |
| | | | |
| **पूँजी तथा दायित्व** | | | |
| **गैर चालु दायित्वहरु** | | | |
| कर्मचारी हितको लागि व्यवस्था | - | - | ५६,९८४ |
| व्यापारीक र अन्य दायित्वहरु | - | - | २,३०,२४४ |
| स्थगन कर दायित्व | - | - | ६६,६०१ |
| **जम्मा गैर चालु दायित्वहरु** | - | - | **३,५३,८२९** |
| **चालु दायित्व** | - | | |
| व्यापारीक र अन्य दायित्वहरु | - | १,९६,९७४ | ७०,५६,८०७ |
| **जम्मा चालु दायित्व** | | **१,९६,९७४** | **७०,५६,८०७** |
| **पूँजी** | | | |

| | | | |
|---|---|---|---|
| शेयर पूँजी | - | २०,००,००,००० | २०,००,००,००० |
| सञ्चित कमाई | - | (६७,५९४) | २३,१४,१९८ |
| **जम्मा पूँजी** | - | **९,९९,३२,४०६** | **१०,२३,१४,१९८** |
| **कुल पूँजी तथा दायित्व** | - | **१०,०१,२९,३८०** | **१०,९७,२४,८३३** |

## ख. नाफा नोक्सान हिसाब

*रकम (रु.मा)*

| विवरण | आषाढ ३२, २०७२ | आषाढ ३१, २०७३ | आषाढ ३१, २०७४ |
|---|---|---|---|
| **सञ्चालन आम्दानी** | | | |
| मर्चेन्ट बैंकिङ्ग सेवाबाट आम्दानी | - | - | ३१,५१,०६२ |
| कर्जा सापट तथा सापटीबाट आम्दानी | - | १,०६,८४९ | १,००६९,८०५ |
| अन्य आम्दानी | - | - | १०,६०,७४३ |
| **जम्मा संचालन आम्दानी** | - | **१,०६,८४९** | **१,४२,८१,६०९** |
| **सञ्चालन खर्च** | | | |
| मर्चेन्ट बैंकिङ्ग खर्च | - | - | २४,२८,९६३ |
| धितोपत्र बिक्रिमा कमिशन | - | - | १३,११६ |
| **संचालन मुनाफा** | - | **१,०६,८४९** | **१,१८,३९,५३०** |
| **गैर सञ्चालन खर्च** | - | | |
| कर्मचारी खर्च (कर्मचारी बोनस सहित) | - | - | ३७,३१,५७९ |
| परिसर खर्च | - | - | २०,३२,००६ |
| विज्ञापन तथा प्रचार खर्च | - | ६५,७४९ | ४,४८,१२४ |
| सामान्य प्रशासन खर्च | - | २८,२५० | १६,२०,५४८ |
| वित्तिय खर्च | | | २१,०१७ |
| ह्रास कट्टी तथा अपलेखन खर्च | - | - | ८,४३,३७६ |
| संसर्ग पुर्वको खर्च | - | १,०२,९७५ | - |
| **आयकर अधिको मुनाफा** | - | **(९०,१२५)** | **३१,४२,८७९** |
| आयकर | - | (२२,५३१) | ७,६१,०८७ |
| ***वर्षको लागि मुनाफा*** | - | **(६७,५९४)** | **२३,८१,७९२** |
| ***अन्य विस्तृत आय र व्यय*** | | | |
| *बिक्रिका लागि उपलब्ध लगानीमा खूद लाभ* | - | - | - |
| परिभाषित लाभ योजनामा Actuarial gain/loss | - | - | - |
| **जम्मा अन्य विस्तृत आय र व्यय** | - | - | - |
| घटाउने | - | - | - |
| *अन्य विस्तृत आय र व्यय कर खर्च* | - | - | - |
| **वर्षको लागि अन्य *विस्तृत आय*** | - | - | - |
| | | | |
| **इक्वीटी शेयर धनीका लागि** | - | (६७,५९४) | २३,८१,७९२ |

## ग. नाफा नोक्सान बाँडफाँड हिसाब

*रकम (रु.मा)*

| विवरण | आषाढ ३२, २०७२ | आषाढ ३१, २०७३ | आषाढ ३१, २०७४ |
|---|---|---|---|
| **आम्दानी** | | | |
| गत वर्षसम्मको संचित मुनाफा | – | – | – |
| यस वर्षको मुनाफा | – | – | २३,८१,७९२ |
| **कुल** | – | – | – |
| **खर्च** | | | |
| गत वर्षसम्मको संचित नोक्सान | – | – | (६७,५९४) |
| यस वर्षको नोक्सान | – | (६७,५९४) | – |
| प्रस्तावित लाभांश | – | – | – |
| प्रस्तावित बोनस शेयर जारी | – | – | – |
| स्थगन कर कोष | – | – | – |
| **कुल** | – | – | – |
| **सञ्चित मुनाफा/नोक्सान** | – | (६७,५९४) | २३,१४,१९८ |

**घ . नगद प्रवाह विवरण** *रकम रु.मा*

| विवरण | आषाढ ३२, २०७२ | आषाढ ३१, २०७३ | आषाढ ३१, २०७४ |
|---|---|---|---|
| **(क) कारोवार सञ्चालनबाट नगद प्रवाह** | - | | |
| **नगद प्राप्ति** | - | | |
| कर अघिको खुद नाफा | - | (९०,१२५) | ३१,४२,८७९ |
| **समायोजन** | - | - | - |
| ह्रास कट्टी खर्च | - | - | ८,४३,३७६ |
| लगानीमा अज्ञात लाभ | - | - | (४४,०५३) |
| आयकर भुक्तानी | - | - | (७,६१,०८७) |
| दायित्व (कमी) / वृद्धि | - | १,९६,९७४ | ७२,१३,६६१ |
| लगानीमा कमी/ (वृद्धि) | - | - | (४,१००) |
| मुद्दति निक्षेपमा कमी / (वृद्धि) | - | - | (७,००,००,००० |
| अन्य सम्पत्तिमा कमी / (वृद्धि) | | (१,०६,८४९) | (३१,५९,६०७) |
| **कारोवार सञ्चालनबाट खुद नगद प्रवाह (१)** | - | - | **६,२७,६८,९३१** |
| **ख वित्तीय कारोवारबाट नगद प्रवाह** | - | - | - |
| शेयर पूँजीमा (कमी)/ वृद्धि | - | १०,००,००,००० | - |
| दीर्घकालिन ऋणमा (कमी)/ वृद्धि | - | - | - |
| लाभांशमा प्राप्त | - | - | - |
| **वित्तीय कारोवारबाट खुद नगद प्रवाह (२)** | - | १०,००,००,००० | - |
| **(ग) लगानी कारोवारबाट नगद प्रवाह** | - | - | - |
| मूर्त सम्पत्ति (खरिद) / बिक्रि | - | - | (३७,४२,४९१) |
| अमूर्त सम्पत्ति (खरिद) / बिक्रि | - | - | (५६,८३,८१२) |
| **लगानी कारोवारबाट खुद नगद प्रवाह (३)** | - | - | **(९४,२६,३०३)** |
| **नगद तथा नगद समानको खुद (कमी) / वृद्धि (१+२+३)** | - | **१०,००,००,०००** | **(७,२१,९५,२३३)** |
| **नगद तथा नगद समानको शुरु मौज्दात** | - | - | **१०,००,००,०००** |
| **नगद तथा नगद समानको अन्तिम मौज्दात** | - | **१०,००,००,०००** | **२,७८,०४,७६७** |

**६.८ योजना व्यवस्थापकको लेखा नीतिसम्बन्धी व्यवस्था :**

योजना व्यवस्थापकले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (ICAN) बाट निर्धारित Nepal AccountingStandard (NAS) र Nepal Financial Reporting Standard (NFRS) अनुरुपको लेखा नीति पालना गरेको छ ।

**६.९ योजना व्यवस्थापकको लेखापरीक्षकको नाम तथा ठेगाना :**

श्री एस आर पाण्डे एण्ड एशोसिएट्स, चार्टड एकाउन्टेण्टस, महाराजगंज, काठमाण्डौ ।

कम्पनी ऐन २०६३ को दफा १११(३) को व्यवस्था बमोजिम एउटै लेखापरीक्षक, निजको साझेदार वा भूतपूर्व कर्मचारीलाई लगातार तीन पटक भन्दा बढी लेखापरीक्षक नियुक्त गर्न सकिने छैन ।

**६.१० योजना व्यवस्थापकको कारोवारमा असर पर्ने कुनै विवाद/मुद्दा मामिला भए सो को विवरण तथा मुद्दा मामिला अन्तिम रुपमा फैसला भई जरिवाना बुझाएको भए सोसम्बन्धी विवरण :**

सो नभएको ।

**६.११ यो योजनाभन्दा अगाडिको योजनाको खुद सम्पत्ति मूल्य (NAV) सम्बन्धी विवरण :**

एन आई सी एशिया बैंक म्युचुअल फण्ड अन्तर्गत यसअघि कुनै योजना सञ्चालनमा आएको छैन ।

**६.१२ योजना व्यवस्थापकको रेटिङ्ग गरेको भए रेटिङ्ग गर्ने कम्पनी तथा रेटिङ्ग सङ्केत :**

ICRA Nepal बाट "[ICRANP] AMC Quality 3(AMC3)" Adequate Assurance on Management Quality" प्राप्त ।

**७ . कोष सुपरिवेक्षक तथा कोष सुपरिवेक्षकसँगको सम्झौतासम्बन्धी विवरण :**

**७.१ कोष सुपरिवेक्षकको नाम, ठेगाना, उमेर तथा योग्यता :**

| क.स | नाम | ठेगाना | उमेर | शैक्षिक योग्यता |
|---|---|---|---|---|
| १ | श्री बाबु राम श्रेष्ठ | ल.म.न.पा. वडा नं. १३, जावलाखेल | ६४ | एम.एस.सी, एम.ए (अर्थशास्त्र), पि जि(आर.डि.पि.एम) |
| २ | श्री आशिष अधिकारी | का.म.न.पा.वडा नं. १, नक्साल | ४४ | एल.एल.एम |
| ३ | वोध राज निरौला | का.म.न.पा. वडा नं. ४, अरुणालामा टोल | ६२ | अर्थ शास्त्रमा स्नाकोत्तर, वि.एल. |
| ४ | श्री रोशन शाक्य | सुनसरी वडा नं. ७, धरान | ३९ | सि.ए. |
| ५ | श्री शिवराज घिमिरे | पञ्चनगर वडा नं. ५, नवलपरासी | ४६ | एम.बि.ए. |

७.२ कोष सुपरिवेक्षकको व्यवसायिक अनुभव, मुख्य पेशा व्यवसाय तथा हाल कायम रहेको जिम्मेवारी :

| सि.नं | नाम | व्यवसायीक अनुभव | मुख्य पेशा वा व्यवसाय | हाल कायम रहेको जिम्मेवारी |
|---|---|---|---|---|
| १ | श्री बाबु राम श्रेष्ठ | नेपाल सरकार र सम्बन्धित निकायहरुमा १० बर्ष भन्दा बढीको कार्यअनुभव । | अध्यापन | अध्यापन : पोखरा युनिभरसिटी School of Environment and Sustainable Development Msc Program अन्तर्गत Strategic Planning, Conflict Management & Negotiation Skills सम्बन्धी विषयमा अध्यापन गराउदै आउनु भएको । |
| २ | श्री आशिष अधिकारी | विगत १९ वर्ष देखि हालसम्म कानुन व्यवसायमा संलग्न | कानुन | अल्फा ल चेम्बरमा साझेदार रही अधिवक्ताको रुपमा कार्य गरिरहनु भएको साथै काठमाण्डौं स्कुल अफ ल तथा एभरेष्ट कलेजमा अध्यापन गराएको र Conflict Mitigation Program मा कानूनी सल्लाहकारको रुपमा कार्य गनरिरहनु भएको । |
| ३ | वोध राज निरौला | अर्थ मन्त्रालय सहित नेपाल सरकारका विभिन्न निकायमा ३१ बर्षको कार्य अनुभव । | सल्लाहकार | वित्त तथा व्यवसाय व्यवस्थापन सम्बन्धमा सल्लाहकारको रुपमा कार्य गरिरहनु भएको । |
| ४ | श्री रोशन शाक्य | नबिल बैंक लिमिटेडको बिभिन्न बिभागमा ८ वर्ष भन्दा बढिको कार्य अनुभव, बिगत ४ बर्ष देखि अडिटिङ्ग पेशामा संलग्न । | लेखापरीक्षक | प्रोप्राईटर - आर. शाक्य एण्ड एसोसिएटस् चार्टर्ड एकाउण्टेण्ट । |
| ५ | श्री शिवराज घिमिरे | शिक्षण पेशामा १५ बर्षको कार्य अनुभव । | अध्यान तथा अध्यापन | उप प्रध्यापक- सरस्वती क्याम्पस लैनचौर, काठमाण्डौं । |

### ७. ३. योजना सम्बन्धमा कोष सुपरिवेक्षकको भूमिका :

प्रचलित कानुनको अधीनमा रही योजना सञ्चालन गर्न योजनाको विवरण पुस्तिकाको सत्यताको सम्वन्धमा अध्ययन गरी स्विकृतिका लागि पठाउन अनुमोदन गर्ने, योजना व्यवस्थापकले प्रचलित कानुन तथा सम्झौता बमोजिम कोषको व्यवस्थापन गरेको छ भन्ने कुरा सुनिश्चित गर्ने, सहभागीको हित संरक्षण गर्ने, योजना व्यवस्थापक तथा डिपोजिटरीको काम कारवाहीको सुपरिवेक्षण गर्ने, योजनाको खुद सम्पत्ति मूल्यको जाँच गर्ने, योजना अन्तर्गतका सम्पत्ति तथा कागजातहरु सुरक्षित साथ राखिए नराखिएको सुपरिवेक्षण गर्ने, बोर्डवाट स्वीकृत योजना बमोजिम योजना सञ्चालन भए नभएको सुपरिवेक्षण गर्ने, योजना व्यवस्थापकले राखेको अभिलेख दुरुस्त रहे नरहेको सुपरिवेक्षण गर्ने योजना सम्बन्धमा प्राप्त गुनासोहरु समाधान भए नभएको सुपरिवेक्षण गर्ने, योजना व्यवस्थापन सम्बन्धी प्रतिवेदन तयार गरी समय समयमा बोर्डमा पेश गर्ने योजना व्यवस्थापकसँग योजना व्यवस्थापकले गरेको काम कारवाहीबारे कुनै विवरण वा जानकारी माग गर्न सक्ने, माग गरिएको विवरण वा जानकारीबाट वा अन्य कुनै श्रोतबाट योजना व्यवस्थापकको काम कारवाहीमा अनियमितता देखिएमा वा काम कारवाही सन्तोषजनक नदेखिएमा त्यस्तो काम कारवाही रोक्न वा सन्तोषजनक रुपमा सम्पादन गर्न योजना व्यवस्थापकलाई निर्देशन दिन सक्ने, दिइएको निर्देशन योजना व्यवस्थापकले पालना नगरेमा सोको जानकारी बोर्डलाई दिने, योजना व्यवस्थापकले ऐन वा नियमावलीको उल्लंघन गरेमा वा आफ्नो निर्देशन बारम्बार उल्लंघन गरेमा योजना व्यवस्थापक परिवर्तन गर्ने आदेश जारी गर्न बोर्डलाई अनुरोध गर्न सक्ने लगायतको भूमिका कोष सुपरिवेक्षकबाट निर्वाह हुनेछ ।

### ७.४. कोष प्रबर्द्धक र कोष सुपरिवेक्षक बीचको सम्झौताका मुख्य मुख्य बुँदाहरु :

(१) कोष प्रबर्द्धक तथा कोष सुपरिवेक्षकले नियमावलीको अधीनमा रही व्यावसायिक ढङ्गले आफ्नो दायित्व निर्वाह गर्ने ।
(२) कोष सुपरिवेक्षकको प्रशासनिक लगायत अन्य कार्यका लागि कोष प्रबर्द्धकको सचिवालयमा उपलब्ध हुने ।
(३) कोष सुपरिवेक्षकको बैठकका लागि कोष प्रबर्द्धकले आफ्नो कार्यालयमा बैठक कक्ष उपलब्ध गराउने ।
(४) प्रत्येक योजनाको निमित्त कोष सुपरिवेक्षकले आवश्यकता अनुसार बैठक बस्नुपर्ने । सो बैठकमा यथासम्भव प्रत्येक सुपरिवेक्षकहरुको उपस्थिति हुनुपर्ने ।
(५) कोष सुपरिवेक्षकले आफू आबद्ध भएका अन्य कम्पनी, संस्था, वित्तीय मध्यस्थता वा अन्य कुनै पनि संस्थासँग एन आई सी एशिया म्यूचुअल फण्ड सम्बन्धी विषयमा निकटतम सम्बन्ध कायम नगर्ने ।
(६) कोष सुपरिवेक्षकले आफ्नो स्वार्थ रहेको विषयको छलफलमा बैठकमा सहभागिता नजनाउने ।
(७) कोष सुपरिवेक्षकले कोष प्रबर्द्धकलाई आफ्नो स्वार्थ बाझिने कुनै पनि कम्पनी (एन आई सी एशिया बैंक तथा सोको सहायक कम्पनी सहित) को बारेमा पूर्व जानकारी गराउनुपर्ने ।
(८) कोष सुपरिवेक्षकले हरेक योजनालाई सुपरिवेक्षण गरे वापत योजनाको खुद सम्पत्ति मूल्यको अधिकतम ०.१०% सेवा शुल्क (प्रचलित कानुन बमोजिम कर कट्टागरी) अर्ध वार्षिक रुपमा नियमावलीमा भएको व्यवस्था बमोजिम भुक्तानी गर्ने र सो भुक्तानी शुल्कको ५% रकम कोष व्यवस्थापकले सामूहिक लगानी कोष नियमावली, २०६७ को नियम २३ को उपनियम ६ बमोजिम नेपाल धितोपत्र बोर्डलाई आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र जम्मा गर्नुपर्ने छ ।

(९) सम्झौताको अवधि करार गरेको मितिबाट दुई वर्षको रहि मिति २०७६/०२/०२ सम्म रहने छ र तत्पश्चात् दुवै पक्षको आपसी सहमतिमा पुनःसम्झौता गर्न सकिने छ ।

(१०) कोष सुपरिवेक्षकले ३ महिनाको पूर्व लिखित जानकारी कोष प्रबर्द्धकलाई दिई सम्झौता रद्द गर्न सक्ने ।

(११) कोष प्रबर्द्धकले सम्झौता रद्द गर्नुको कारण (सम्झौता अनुरुप कार्य नगरेको वा प्रचलित कानुन विपरित कार्य गरेको खुलाई ३ महिनाको पूर्व लिखित जानकारी कोष सुपरिवेक्षकलाई दिई सम्झौता रद्द गर्न सक्ने ।

(१२) दुबै पक्षले योजनासँग सम्बद्ध सूचना तथा जानकारीको गोपनीयता प्रचलित नियमकानुनले माग गरे बमोजिम कायम राख्नुपर्ने ।

(१३) कुनै पक्षले सम्झौताको पालना नगरेमा बोर्डले सोको पालना गराउन सक्ने ।

(१४) सम्झौतामा उल्लेखित विषयहरुमा कुनै विवाद उत्पन्न भएमा दुवै पक्षबीच आपसी समझदारीबाट समाधान गरिने र आपसी समझदारीबाट समेत विवादको समाधान हुन नसक्ने अवस्था सृजना भएमा मध्यस्तकर्ताको सहभागितामा समाधान गरिने ।

(१५) सम्झौतापत्रमा उल्लेख भएका शर्तहरु बोर्डको पूर्व स्वीकृति लिएर मात्र दुवै पक्षको आपसी समझदारीमा संशोधन हुन सक्ने ।

## ८. योजना सम्बन्धी जानकारी :

### ८.१. योजना सम्बन्धी विवरण :

| | | |
|---|---|---|
| (क) | योजनाको नामः | एन आई सी एशिया ग्रोथ फण्ड (NIC ASIA Growth Fund) |
| (ख) | योजनाको प्रकार : | बन्दमुखी (Close-ended) |
| (ग) | योजनाको आकार : | रु. १००,००,००,०००/- (एक अर्ब) । |
| (घ) | निष्काशन गर्न लागिएको इकाई संख्या : | १०,००,००,००० (दस करोड) । |
| (ङ) | प्रति इकाई मूल्य : | रु. १०/- (अक्षेरुपी दश मात्र) । |
| (च) | न्यूनतम बिक्री हुनुपर्ने इकाई संख्या : | ५,००,००,००० (पाँच करोड) । |
| (छ) | अधिकतम सकारिने इकाई संख्या : | १२,५०,००,००० (बाह्र करोड पचास लाख) । |
| (ज) | योजनाको अवधि : | ७ वर्ष । |
| (झ) | योजना परिपक्व हुने मिति : | योजनाको इकाई बाँडफाँट गरेको मितिले ७ वर्ष । |
| (ञ) | सूचीकरण तथा दोस्रो बजार कारोवार व्यवस्था : | योजनाका इकाईहरु नेपाल स्टक एक्सचेन्जमा सूचीकरण गरिनेछ । |
| (ट) | इकाई दर्ता तथा हस्तान्तरण गर्ने डिपोजिटरी : | एन आई सी एशिया क्यापिटल लिमिटेड, बबरमहल, काठमाण्डौ । |

### ८.२. योजनाको उद्देश्य :

योजनाले इकाई बिक्रीबाट संकलित रकम योजना व्यवस्थापकले दक्षतापूर्वक सामूहिक लागनी कोष नियमावलीले तोकेको लगानीका क्षेत्रहरुमा लगानी गरी आवेदकहरुलाई उच्च प्रतिफल दिई धितोपत्र बजारको दिगो विकासमा समेत एक संस्थागत लगानीकर्ताको हैसियतमा सघाउ पुऱ्याउने उद्देश्यले यस योजनाको इकाईहरु निष्काशन गरिएको हो ।

### ८.३. योजनाले लगानी गर्ने क्षेत्र :

नियमावलीको नियम ३४ एवं निर्देशिकाको अधीनमा रही इकाई बिक्रीबाट उठेको वा संकलन भएको रकम देहाय बमोजिमको कुनै वा सबै क्षेत्रमा लगानी हुनेछ :

१. बोर्डमा दर्ता भएको धितोपत्र ।
२. सार्वजनिक निष्काशन भएको धितोपत्र ।
३. धितोपत्र बिनिमय बजारमा सूचीकृत धितोपत्र ।
४. नेपाल सरकारले जारी गरेको वा नेपाल सरकारको जमानत वा पुर्ण सुरक्षित हुने गरी सरकारी स्वामित्व वा नियन्त्रणमा रहेको कुनै संस्था वा नेपाल राष्ट्र बैंकले जारी गरेको ऋणपत्र, ट्रेजरी विल तथा मुद्रा बजारका अन्य साधनहरु ।
५. बैंक निक्षेप ।
६. मुद्रा बजार उपकरण ।
७. बोर्डले तोकिदिएको अन्य क्षेत्र ।

### विदेशमा लगानी गर्ने भए सोसम्बन्धी व्यवस्था :

यस योजनाको रकमलाई हाल विदेशमा लगानी गर्ने कुनै योजना नरहेको भएता पनि भविष्यमा उपलब्ध अवसरको अध्ययन गरी नियामक निकायबाट आवश्यक स्वीकृति लिई नियमावलीको व्यवस्था बमोजिम विदेशमा लगानी गर्न सकिने ।

## ८.४. योजनाको वित्तीय प्रक्षेपण सम्बन्धी विवरण :

### क. वासलात

| विवरण | वर्ष १ | वर्ष २ | वर्ष ३ | वर्ष ४ | वर्ष ५ | वर्ष ६ | वर्ष ७ |
|---|---|---|---|---|---|---|---|
| **सम्पत्ति** | | | | | | | |
| लगानी | १,००२,९००,३२१ | १,०६०,२२१,९२० | १,११७,२७८,२१४ | १,१७४,०२२,३०२ | १,२३०,३९९,२९७ | १,२८६,३४४,९९४ | ८९३,७८४,३१७ |
| चालु सम्पत्ति | १६५,६९९,४५३.०६ | १७९,४७५,५६७.८१ | १९३,२६४,७२६.१७ | २०७,०३४,९३८.७५ | २२०,७८२,७८९.७६ | २३४,५०४,२७५.७२ | ६९६,१९४,७०६.८४ |
| **जम्मा सम्पत्ति** | **१,१६८,५९९,७७४** | **१,२३९,६९७,४८७** | **१,३१०,५४२,९४०** | **१,३८१,०५७,२४१** | **१,४५१,१८२,०८७** | **१,५२०,८४९,२७०** | **१,५८९,९७९,०२४** |
| **दायित्व** | | | | | | | |
| इकाई पूँजी | १,०००,०००,००० | १,०००,०००,००० | १,०००,०००,००० | १,०००,०००,००० | १,०००,०००,००० | १,०००,०००,००० | १,०००,०००,००० |
| जगेडा तथा कोष | ५५,६८४,५४९ | ११६,०२३,०७३ | १७६,०८२,३३० | २३५,८१२,९५० | २९५,१५७,१५५ | ३५४,०४७,३६२ | ५७२,४०४,५४५ |
| चालु दायित्व | १२,९१५,२२६ | १३,६७४,४१४ | १४,४६०,६१० | १५,२४४,२९१ | १६,०२४,९३२ | १६,८०१,९०८ | १७,५७४,४८० |
| लाभांश तिर्नुपर्ने | १००,०००,००० | ११०,०००,००० | १२०,०००,००० | १३०,०००,००० | १४०,०००,००० | १५०,०००,००० | - |
| **जम्मा दायित्व** | **१,१६८,५९९,७७४** | **१,२३९,६९७,४८७** | **१,३१०,५४२,९४०** | **१,३८१,०५७,२४१** | **१,४५१,१८२,०८७** | **१,५२०,८४९,२७०** | **१,५८९,९७९,०२४** |

### ख. नाफा नोक्सान हिसाब

| विवरण | वर्ष १ | वर्ष २ | वर्ष ३ | वर्ष ४ | वर्ष ५ | वर्ष ६ | वर्ष ७ |
|---|---|---|---|---|---|---|---|
| **आम्दानी** | | | | | | | |
| व्याज आम्दानी (कल निक्षेपबाट प्राप्त व्याज बाहेकको) | ८,०००,००० | ८,४४५,४७६ | ८,९२८,१८५ | ९,४०८,६५९ | ९,८८६,५०४ | १०,३६१,२५७ | १०,८३२,३७९ |
| नगद लाभांश | २०,०००,००० | २१,११३,६९१ | २२,३२०,४६१ | २३,५२१,६४७ | २४,७१६,२५९ | २५,९०३,१४३ | २७,०८०,९४७ |
| वोनश शेयरको विकीवाट आर्जित | | | | | | | |
| धितोपत्र खरिद बिक्री गर्दा हुने नाफा / (नोक्सान) | १५७,५००,००० | १६६,२७०,३१६ | १७५,७७३,६३४ | १८५,२३२,९६७ | १९४,६४०,५४० | २०३,९८७,२५२ | २१३,२६२,४६० |
| सामुहिक लगानी कोषबाट आम्दानी | | | | | | | |
| व्याज आम्दानी (कल निक्षेपमा) | २,०००,००० | २,१११,३६९ | २,२३२,०४६ | २,३५२,१६५ | २,४७१,६२६ | २,५९०,३१४ | २,७०८,०९५ |
| **जम्मा आम्दानी (क)** | **१८७,५००,०००** | **१९७,९४०,८५३** | **२०९,२५४,३२६** | **२२०,५१५,४३७** | **२३१,७१४,९२८** | **२४२,८४१,९६७** | **२५३,८८३,८८०** |
| **खर्च** | | | | | | | |
| कोष व्यवस्थापन शुल्क | २१,८१३,१५० | २३,०८८,३६५ | २४,४०७,८४६ | २५,७२१,१७७ | २७,०२७,२७१ | २८,३२४,८६२ | २९,६१२,४६६ |
| सुपरिवेक्षक शुल्क | १,०९०,६५८ | १,१५४,४१८ | १,२२०,३९२ | १,२८६,०५९ | १,३५१,३६४ | १,४१६,२४३ | १,४८०,६२३ |
| डिपोजिटरी शुल्क | २,७२६,६४४ | २,८८६,०४६ | ३,०५०,९८१ | ३,२१५,१४७ | ३,३७८,४०९ | ३,५४०,६०८ | ३,७०१,५५८ |
| धितोपत्र दलाली शुल्क | - | - | - | - | - | - | - |
| *शेयर खरिद/बिक्री (.७%)* | - | - | - | - | - | - | - |
| *ऋणपत्र, म्युचुअल फण्ड खरिद/बिकी (.४%)* | - | - | - | - | - | - | - |
| केन्द्रिय निक्षेप शुल्क | - | - | - | - | - | - | - |
| लेखापरिक्षक शुल्क | १००,००० | ११०,००० | १२१,००० | १३३,१०० | १४६,४१० | १६१,०५१ | १७७,१५६ |
| योजना सूचिकरण शुल्क ( ०.०७५%) | ८००,००० | ५०,००० | ५०,००० | ५०,००० | ५०,००० | ५०,००० | ५०,००० |
| योजना नविकरण शुल्क | - | - | - | - | - | - | - |
| योजना दर्ता शुल्क (०.१%) | १,०००,००० | - | - | - | - | - | - |
| सुचना तथा विज्ञापन | २,०००,००० | - | - | - | - | - | - |
| कानूनी शुल्क | - | - | - | - | - | - | - |
| निष्काशन तथा बिकी प्रबन्ध शुल्क | २,०००,००० | - | - | - | - | - | - |
| *अन्य खर्चहरु* | *२८५,०००* | ३१३,५०० | ३४४,८५० | ३७९,३३५ | ४१७,२६९ | ४५८,९९५ | ५०४,८९५ |
| **जम्मा खर्च (ख)** | **३१,८१५,४५१** | **२७,६०२,३२८** | **२९,१९५,०६९** | **३०,७८४,८१८** | **३२,३७०,७२२** | **३३,९५१,७६०** | **३५,५२६,६९८** |
| **सञ्चालन मुनाफा/(नोक्सान)** | **१५५,६८४,५४९** | **१७०,३३८,५२५** | **१८०,०५९,२५७** | **१८९,७३०,६१९** | **१९९,३४४,२०६** | **२०८,८९०,२०७** | **२१८,३५७,१८२** |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **ग=(क–ख)** | | | | | | | |
| **आर्जित प्रतिफल** | १५.५७% | १६.१४% | १६.१३% | १६.१३% | १६.१३% | १६.१३% | १६.१३% |
| आयकर व्यवस्था (घ) | – | – | – | – | – | – | – |
| **नाफा/(नोक्सान) ङ=(ग–घ)** | **१५५,६८४,५४९** | **१७०,३३८,५२५** | **१८०,०५९,२५७** | **१८९,७३०,६१९** | **१९९,३४४,२०६** | **२०८,८९०,२०७** | **२१८,३५७,१८२** |
| **नगद लाभांश** | १००,०००,००० | ११०,०००,००० | १२०,०००,००० | १३०,०००,००० | १४०,०००,००० | १५०,०००,००० | – |
| **सञ्चित मुनाफा/(नोक्सान) छ=(ङ-च)** | **५५,६८४,५४९** | **६०,३३८,५२५** | **६०,०५९,२५७** | **५९,७३०,६१९** | **५९,३४४,२०६** | **५८,८९०,२०७** | **२१८,३५७,१८२** |
| गत वषंको सञ्चित मुनाफा/(नोक्सान) (ज) | १३,९२१,१३७ | २९,००५,७६८ | ४४,०२०,५८३ | ५८,९५३,२३७ | ७३,७८९,२८९ | ८८,५११,८४१ | १४३,१०१,१३६ |
| **आर्जन हुन बांकी नाफा (झ)** | **४१,७६३,४१२** | **८७,०१७,३०५** | **१३२,०६१,७४८** | **१७६,८५९,७१२** | **२२१,३६७,८६६** | **२६५,५३५,५२२** | **४२९,३०३,४०९** |
| **जम्मा सञ्चित मुनाफा / (नोक्सान) वासलातमा सारिएको ञ=(छ+ज+झ)** | **५५,६८४,५४९** | **११६,०२३,०७३** | **१७६,०८२,३३०** | **२३५,८१२,९५०** | **२९५,१५७,१५५** | **३५४,०४७,३६२** | **५७२,४०४,५४५** |

ग. नगद प्रवाहको विवरण

| | **विवरण** | **वर्ष १** | **वर्ष २** | **वर्ष ३** | **वर्ष ४** | **वर्ष ५** | **वर्ष ६** | **वर्ष ७** |
|---|---|---|---|---|---|---|---|---|
| **क** | **कारोवार सञ्चालनवाट नगद प्रवाह** | | | | | | | |
| १ | नगद प्राप्ति | १८५,९२५,००० | १९७,८५३,१५० | २०९,१५९,२९३ | २२०,४२०,८४४ | २३१,६२०,८५२ | २४२,७४८,४९९ | २५३,७९१,१२८ |
| २ | नगद भुक्तानी | (१८,९००,२२६) | (२६,८४३,१४०) | (२८,४०८,८७४) | (३०,००१,१३६) | (३१,५९०,०८२) | (३३,१७४,७८४) | (३४,७५४,१२६) |
| **कार्यगत पूँजी (Working Capital) गतिविधि अघिको नगद प्रवाह** | | – | – | – | – | – | – | – |
| १ | सञ्चालन सम्बन्धी चालु सम्पत्तिमा कमी / (बृद्धि) | – | – | – | – | – | – | – |
| २ | सञ्चालन सम्वन्धि चालु दायीत्वमा (कमी) / बृद्धि | – | – | – | – | – | – | – |
| **कारोवार सञ्चालनवाट कुल नगद प्रवाह (१)** | | **१६७,०२४,७७४** | **१७१,०१०,०१०** | **१८०,७५०,४१९** | **१९०,४१९,७०८** | **२००,०३०,७७१** | **२०९,५७३,७१६** | **२१९,०३७,००२** |
| **ख** | लगानी कारोवारवाट नगद प्रवाह | | | | | | | |
| १ | धितोपत्र लगानीमा कमी/(बृद्धि) | (८९७,३३१,८६६) | (५१,२८७,७४६) | (५१,०५०,३६८) | (५०,७७१,०२६) | (५०,४४२,५७५) | (५०,०५६,६७६) | ४१४,३९६,३९५ |
| २ | स्थिर सम्पत्तिमा कमी/(बृद्धि) | | | | | | | |
| ३ | अन्य लगानीमा कमी/(बृद्धि) | (१०५,५६८,४५५) | (६,०३३,८५२) | (६,००५,९२६) | (५,९७३,०६२) | (५,९३४,४२१) | (५,८८९,०२१) | (२१,८३५,७१८) |
| **लगानी कारोवारवाट कुल नगद प्रवाह (२)** | | **(१,००२,९००,३२१)** | **(५७,३२१,५९८)** | **(५७,०५६,२९४)** | **(५६,७४४,०८८)** | **(५६,३७६,९९५)** | **(५५,९४५,६९७)** | **३९२,५६०,६७७** |
| **ग** | **वित्तिय श्रोत कारोवारवाट नगद प्रवाह** | | | | | | | |
| १ | युनिट पुँजीमा (कमी)/बृद्धि | १,०००,०००,००० | – | – | – | – | – | – |
| २ | नगद लाभांश | | (१००,०००,०००) | (११०,०००,०००) | (१२०,०००,०००) | (१३०,०००,०००) | (१४०,०००,०००) | (१५०,०००,०००) |
| वित्तिय श्रोत कारोवारवाट कुल नगद प्रवाह (३) | | १,०००,०००,००० | (१००,०००,०००) | (११०,०००,०००) | (१२०,०००,०००) | (१३०,०००,०००) | (१४०,०००,०००) | (१५०,०००,०००) |
| यस वर्षको सम्पुर्ण गतिविधिवाट नगद प्रवाह (१+२+३) | | १६४,१२४,४५३ | १३,६८८,४१२ | १३,६९४,१२५ | १३,६७५,६१९ | १३,६५३,७७५ | १३,६२८,०१९ | ४६१,५९७,६७९ |
| नगद तथा बैंकमा रहेको शुरु मौज्दात | | | १६४,१२४,४५३ | १७७,८१२,८६५ | १९१,५०६,९९० | २०५,१८२,६०९ | २१८,८३६,३८४ | २३२,४६४,४०३ |
| नगद तथा बैंकमा रहेको अन्तिम मौज्दात | | १६४,१२४,४५३ | १७७,८१२,८६५ | १९१,५०६,९९० | २०५,१८२,६०९ | २१८,८३६,३८४ | २३२,४६४,४०३ | ६९४,०६२,०८२ |

घ. प्रति इकाइ खुद सम्पत्ति मूल्यको गणना तथा वित्तीय अनुपात सम्बन्धी

| **विवरण** | **वर्ष १** | **वर्ष २** | **वर्ष ३** | **वर्ष ४** | **वर्ष ५** | **वर्ष ६** | **वर्ष ५** |
|---|---|---|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **आम्दानी** | | | | | | | |
| व्याज आम्दानी (कुल निक्षेपबाट प्राप्त व्याज बाहेकको) | ८,000,000 | ८,४४५,४७६ | ८,९२८,१८५ | ९,४०८,६५९ | ९,८८६,५०४ | १०,३६१,२५७ | १०,८३२,३७९ |
| नगद लाभांश | २०,000,000 | २१,११३,६९१ | २२,३२०,४६१ | २३,५२१,६४७ | २४,७१६,२५९ | २५,९०३,१४३ | २७,०८०,९४७ |
| धितोपत्र खरिद बिक्री गर्दा हुने नाफा/(नोक्सान) | १५७,५००,000 | १६६,२७०,३१६ | १७५,७७३,६३४ | १८५,२३२,९६७ | १९४,६४०,५४० | २०३,९८७,२५२ | २१३,२६२,४६० |
| व्याज आम्दानी (कुल निक्षेपमा) | २,000,000 | २,१११,३६९ | २,२३२,०४६ | २,३५२,१६५ | २,४७१,६२६ | २,५९०,३१४ | २,७०८,०९५ |
| **जम्मा आम्दानी (क)** | **१८७,५००,000** | **१९७,९४०,८५३** | **२०९,२५४,३२६** | **२२०,५१५,४३७** | **२३१,७१४,९२८** | **२४२,८४१,९६७** | **२५३,८८३,८८०** |
| **खर्च** | | | | | | | |
| लेखापरिक्षक शुल्क | १००,००० | ११०,००० | १२१,००० | १३३,१०० | १४६,४१० | १६१,०५१ | १७७,१५६ |
| सुचिकरण शुल्क (0.0७५%) | ८००,००० | ५०,००० | ५०,००० | ५०,००० | ५०,००० | ५०,००० | ५०,००० |
| योजना दर्ता शुल्क | १,०००,००० | – | – | – | – | – | – |
| सुचना तथा विज्ञापन | २८५,००० | ३१३,५०० | ३४४,८५० | ३७९,३३५ | ४१७,२६९ | ४५८,९९५ | ५०४,८९५ |
| निष्काशन शुल्क | ४,०००,००० | – | – | – | – | – | – |
| **जम्मा खर्च (ख)** | **६,१८५,०००** | **४७३,५००** | **५१५,८५०** | **५६२,४३५** | **६१३,६७९** | **६७०,०४६** | **७३२,०५१** |
| **सञ्चालन मुनाफा/(नोक्सान) ग= (क-ख)** | **१८१,३१५,०००** | **१९७,४६७,३५३** | **२०८,७३८,४७६** | **२१९,९५३,००२** | **२३१,१०१,२५०** | **२४२,१७१,९२०** | **२५३,१५१,८२९** |
| कोष व्यवस्थापन शुल्क | २१,८१३,१५० | २३,०८८,३६५ | २४,४०७,८४६ | २५,७२१,१७७ | २७,०२७,२७१ | २८,३२४,८६२ | २९,६१२,४६६ |
| सुपरिवेक्षक शुल्क | १,०९०,६५८ | १,१५४,४१८ | १,२२०,३९२ | १,२८६,०५९ | १,३५१,३६४ | १,४१६,२४३ | १,४८०,६२३ |
| डिपोजिटरी शुल्क | २,७२६,६४४ | २,८८६,०४६ | ३,०५०,९८१ | ३,२१५,१४७ | ३,३७८,४०९ | ३,५४०,६०८ | ३,७०१,५५८ |
| **जम्मा शुल्क (घ)** | **२५,६३०,४५१** | **२७,१२८,८२८** | **२८,६७९,२१९** | **३०,२२२,३८३** | **३१,७५७,०४४** | **३३,२८१,७१३** | **३४,७९४,६४७** |
| **खुद नाफा (ग- घ)** | १५५,६८४,५४९ | १७०,३३८,५२५ | १८०,०५९,२५७ | १८९,७३०,६१९ | १९९,३४४,२०६ | २०८,८९०,२०७ | २१८,३५७,१८२ |
| **लाभांश** | १००,०००,००० | ११०,०००,००० | १२०,०००,००० | १३०,०००,००० | १४०,०००,००० | १५०,०००,००० | – |
| वासलातमा सारिएको मुनाफा / नोक्सान | ५५,६८४,५४९ | ६०,३३८,५२५ | ६०,०५९,२५७ | ५९,७३०,६१९ | ५९,३४४,२०६ | ५८,८९०,२०७ | २१८,३५७,१८२ |
| **जम्मा इकाई पूँजी (क)** | १,०००,०००,००० | १,०००,०००,००० | १,०००,०००,००० | १,०००,०००,००० | १,०००,०००,००० | १,०००,०००,००० | १,०००,०००,००० |
| **जगेडा तथा कोष** | | | | | | | |
| सञ्चित मुनाफा | १३,९२१,१३७ | २९,००५,७६८ | ४४,०२०,५८३ | ५८,९५३,२३७ | ७३,७८९,२८९ | ८८,५११,८४१ | १४३,१०१,१३६ |
| आर्जन हुन वांकी नाफा | ४१,७६३,४१२ | ८७,०१७,३०५ | १३२,०६१,७४८ | १७६,८५९,७१२ | २२१,३६७,८६६ | २६५,५३५,५२२ | ४२९,३०३,४०९ |
| **जम्मा जगेडा तथा कोष (ख)** | **५५,६८४,५४९** | **११६,०२३,०७३** | **१७६,०८२,३३०** | **२३५,८१२,९५०** | **२९५,१५७,१५५** | **३५४,०४७,३६२** | **५७२,४०४,५४५** |
| **कोष व्यवस्थापन शुल्क, सुपरिवेक्षक शुल्क तथा डिपोजिटरी शुल्क अघिको खुद सम्पत्ति मुल्य (ग = क-ख)** | **१,०८१,३१५,०००** | **१,१४३,१५१,९०२** | **१,२०४,७६१,५५०** | **१,२६६,०३५,३३२** | **१,३२६,९१४,१९९** | **१,३८७,३२९,०७५** | **१,६०७,१९९,१९२** |
| कोष व्यवस्थापन शुल्क | २१,८१३,१५० | २३,०८८,३६५ | २४,४०७,८४६ | २५,७२१,१७७ | २७,०२७,२७१ | २८,३२४,८६२ | २९,६१२,४६६ |
| सुपरिवेक्षक शुल्क | १,०९०,६५८ | १,१५४,४१८ | १,२२०,३९२ | १,२८६,०५९ | १,३५१,३६४ | १,४१६,२४३ | १,४८०,६२३ |
| डिपोजिटरी शुल्क | २,७२६,६४४ | २,८८६,०४६ | ३,०५०,९८१ | ३,२१५,१४७ | ३,३७८,४०९ | ३,५४०,६०८ | ३,७०१,५५८ |
| **कुल कोष व्यवस्थापन शुल्क, सुपरिवेक्षक शुल्क तथा डिपोजिटरी शुल्क (घ)** | **२५,६३०,४५१** | **२७,१२८,८२८** | **२८,६७९,२१९** | **३०,२२२,३८३** | **३१,७५७,०४४** | **३३,२८१,७१३** | **३४,७९४,६४७** |
| खुद सम्पत्ति मूल्य (ङ = ग-घ) | १,०५५,६८४,५४९ | १,११६,०२३,०७३ | १,१७६,०८२,३३० | १,२३५,८१२,९५० | १,२९५,१५७,१५५ | १,३५४,०४७,३६२ | १,५७२,४०४,५४५ |
| कुल इकाई संख्या (च) | १००,०००,००० | १००,०००,००० | १००,०००,००० | १००,०००,००० | १००,०००,००० | १००,०००,००० | १००,०००,००० |
| **प्रति इकाई खुद सम्पत्ति मुल्य (ङ/च)** | **१०.५५६८** | **११.१६०२** | **११.७६०८** | **१२.३५८१** | **१२.९५१६** | **१३.५४०५** | **१५.७२४०** |

लाभांश वितरण नगरिएको खण्डमा प्रथम वर्ष देखि सातौँ बर्षसम्म प्रति ईकाई खुद सम्पति मूल्य क्रम सः ११.५५६८, १२.१६०२, १२.९६०८, १३.६५८१, १४.३५१५, १५.०४०४ र १५.७२४० रहने अनुमान गरिएको छ ।

## ङ . वित्तीय प्रक्षेपणका आधारहरु :

१. योजनाको सम्पत्तिको बाँडफाँड

| | वर्ष १ | वर्ष २ | वर्ष ३ | वर्ष ४ | वर्ष ५ | वर्ष ६ | वर्ष ७ |
|---|---|---|---|---|---|---|---|
| १. स्थिर आय हुने क्षेत्र | १०% | | १०% | १०% | १०% | १०% | १०% |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | १०% | | | | | |
| २. साधारण शेयर | ७५% | ७५% | ७५% | ७५% | ७५% | ७५% | ७५% |
| ३. प्राथमिक शेयरमा लगानी गर्न छुट्याइएको रकम | १०% | १०% | १०% | १०% | १०% | १०% | १०% |
| ४. माग तथा अल्प सुचनामा प्राप्त हुने कम | ५% | ५% | ५% | ५% | ५% | ५% | ५% |
| जम्मा | १००.०% | १००% | १००% | १००% | १००% | १००% | १००% |

**यो योजनाले नियमित रुपमा बजारमा देखिएका लगानीको अनुकुलता अथवा प्रतिकुलताको आधारमा योजना अन्तर्गत बिभिन्न क्षेत्रमा भएको लगानीको अनुपातलाई फेरबदल गर्न सक्नेछ ।**

२. शुल्क तथा खर्चहरु (योजना निष्काशन तथा नियमित)

- योजना दर्ता शुल्क : योजनाको ०.०७५ प्रतिशत वा न्यूनतम १० लाख
- निष्कासन तथा बिक्री प्रबन्धक शुल्क : योजनाको ०.२५%
- ब्रोकर शुल्क : कारोबार गरिने धितोपत्र मुल्यको ०.४५% देखी ०.६% सम्म ।
- लेखापरीक्षण शुल्क : पहिलो वर्ष रु.१ लाख (मुल्य अभिबृद्धि कर सहित), प्रत्येक वर्षमा १०% ले वृद्धि ।
- नियमित सूचना प्रकाशन शुल्क : प्रत्येक वर्ष रू. १,२५,००० देखि ३,००,००० लाख सम्म ।
- कानुनी परामर्श शुल्क : पहिलो वर्ष रु.८० हजार मात्र, प्रत्येक वर्षमा ५% ले वृद्धि ।
- सूचिकरण शुल्क : योजना रकमको ०.०७५ प्रतिशत वा न्यूनतम १ लाख ।

३. प्रक्षेपित प्रतिफल

| विवरण | वर्ष १ | वर्ष २ | वर्ष ३ | वर्ष ४ | वर्ष ५ | वर्ष ६ | वर्ष ७ |
|---|---|---|---|---|---|---|---|
| १. स्थिर आय हुने क्षेत्र | ८% | ८% | ८% | ८% | ८% | ८% | ८% |
| २. साधारण शेयर | - | - | - | - | - | - | - |
| ३. म्युचुअल फण्ड | - | - | - | - | - | - | - |
| ४. शेयर नगद लाभांश | ३% | ३% | ३% | ३% | ३% | ३% | ३% |
| ५. वोनश शेयर | - | - | - | - | - | - | - |
| ६. हकप्रद शेयर | - | - | - | - | - | - | - |
| ७. व्याज आम्दानीः माग तथा अल्प सुचनामा प्राप्त हुने रकम | ४% | ४% | ४% | ४% | ४% | ४% | ४% |
| ८. आई.पि.ओ. शेयरको बिक्री | - | - | - | - | - | - | - |
| ९. आर्जित पूँजीगत नाफा/(नोक्सान) | १२.७०% | १३.१९% | १३.५१% | १३.८०% | १४.०६% | १४.३१% | ४.०८% |
| १०.सञ्चित आर्जित हुन बाँकी पूँजीगत नाफा/(नोक्सान) | ४.६५% | ४.७७% | ४.५१% | ४.२६% | ४.०४% | ३.८४% | १२.२५% |

माथि उल्लेखित प्रक्षेपित विवरणहरु योजना व्यवस्थामक कम्पनी श्री एन आई सी एशिया क्यापिटल लिमिटेड, बबरमहल, काठमाण्डौले तयार गरेको हो । सोको पुनरावलोकन श्री अनुज एण्ड एसोसियट्स चार्टड एकाउन्टेण्ट सि.ए. अनुज नेपालज्यूले गर्नु भएको हो ।

**प्रक्षेपणका आधारहरु :**

१. उल्लेखित लगानीको प्रतिशत सामूहिक लगानी कोष नियमावली तथा निर्देशिकमा तोकिए अनुसार उल्लेख गरिएको छ ।
२. योजनाद्धारा दीर्घकालीन रुपमा लगानी गरिएको शेयरमा सरदरमा वार्षिक १५ प्रतिशतका दरले पूँजी बृद्धि हुने अनुमान रहेको छ । उक्त प्रक्षेपित पूँजी बृद्धि विगत ५ वर्षको नेप्से इन्डेक्स मा  भएको वार्षिक बृद्धिदर तथा भविष्यमा अनुमानित बृद्धिदरका आधारमा गरिएको हो ।
३. दोश्रो बजारमा लगानी गर्दा कारोवार प्रयोजन, दीर्घकालिन लाभ प्रयोजन र लाभांश प्राप्त गर्ने प्रयोजन गरी तीन प्रयोजनको लागि लगानी गरिने छ । यसरी गरिएको लगानीमा क्रमश : १८ प्रतिशत, १५ प्रतिशत तथा १० प्रतिशत पूँजी बृद्धि हुने अनुमान गरिएकोछ ।
४. शेयरको सार्वजनिक निष्काशन तथा हकप्रद शेयरमा गरिएको लगानीमा कुल लगानीको औसतमा ५० प्रतिशत पूँजी बृद्धि हुने अपेक्षा गरिएको छ ।
५. स्थिर आम्दानी हुने उपकरणहरुमा वार्षिक ८ प्रतिशत प्रतिफल प्राप्त हुने अनुमान गरिएको छ ।
६. दैनिक रुपमा कारोवार हुने बैंक खाता मार्फत वार्षिक ४ प्रतिशत व्यादर प्राप्त हुने प्रक्षेपण गरिएको छ ।
७. दोश्रो बजारमा गरिएको लगानीबाट औसतमा २ प्रतिशत देखि ४ प्रतिशत नगद लाभांश अपेक्षा गरिएको छ ।

४. पाउनुपर्ने तथा भुक्तानी गर्नुपर्ने

- चालु सम्पत्ति : माग तथा अल्प सूचनामा प्राप्तहुने ब्याज आम्दानी त्रैमासिक रूपमा गणना गरिएको स्थिर लगानीमा प्राप्त व्याज आम्दानी अर्ध वार्षिक रूपमा गणना गरिएको व्याज आम्दानी तथा दलाल बाट प्राप्त हुन बाकी भुक्तानी ।
- चालु दायित्व : सन्ड्री क्रेडिटर्स, योजना व्यवस्थापन शुल्क, डिपोजीटरी शुल्क, कोष सुपरिवेक्षक शुल्क, कानुनी शुल्क तथा दलाली शुल्क त्रैमासिक रुपमा भुक्तानी गरिने ।

५. कर सम्बन्धी व्यवस्था :

कर दायित्व गणना नगरिएको ।

### ८.५ योजनाको खर्चसम्बन्धी विवरण :

योजनाको खर्चसम्बन्धी विवरण देहायअनुसार रहेको छ :

(क) योजना निष्कासनका लागि गरिने खर्च

नियमावलीको व्यवस्था बमोजिम बोर्डमा योजना दर्ता गर्ने शुल्क योजना रकमको ०.०७५ प्रतिशत वा न्युनतम १० लाख हुने, सूचना प्रकाशन, आवेदन फाराम छपाई, आवेदन संकलन, प्रशोधन तथा फिर्ता भुक्तानी, प्रमाणपत्र छपाइ तथा वितरण, इकाईको बाँडफाँट, योजनाको प्रचार प्रसार तथा निष्कासनसंग आबद्ध अन्य खर्चहरु समावेस हुनेछन ।

(ख) योजनाको नियमित खर्च

१. लगानी व्यवस्थापन शुल्क : योजनाको वर्षान्तमा कायम खुद सम्पत्ति मूल्यको २ प्रतिशत ।
२. कोष सुपरिवेक्षक (समूह) शुल्कः नियमावलीको नियम २३ को उपनियम (२) को अधिनमा रहि वर्षान्तमा कायम हुने खुद सम्पत्ति मूल्यको ०.१० प्रतिशत ।
३. डिपोजिटरी शुल्क : योजनाको वर्षान्तमा कायम हुने खुद सम्पत्ति मूल्यको ०.२५ प्रतिशत ।
४. सूचीकरण तथा नवीकरण शुल्क : नेपाल स्टक एक्सचेन्ज लि. ले तोके वमोजिम ।
५. लेखापरीक्षण, प्रचलित कानुन बमोजिमको सूचना प्रकाशन, कानुनी खर्च, शेयर कारोबारमा ब्रोकर कमिशन, अन्य जानकारी तथा प्रतिवेदन प्रकाशन (वास्तविक आधारमा) गरिनेछ ।
६. केन्द्रिय निक्षेप सम्बन्धि शुल्क : CDS and Clearing Company Limited ले समय समयमा तोके बमोजिम ।
७. योजना निष्कासन खर्च (Collection Commission, Refund Commission, Printing/Distribution Charge – One Time Charge) Dividend Warrant Printing/Distribution Charge) ।
८. क्रेडिट रेटिङको खर्च : ICRA NEPAL ले तोके बमोजिम ।

बोर्डले तोकेको अवस्थामा बाहेक उपर्युक्त शीर्षकका अतिरिक्त अन्य शीर्षकमा खर्च जनाइने छैन । खर्च जनाउनुपर्ने अवस्था आएमा बोर्डको पूर्व स्वीकृति लिईनेछ ।

### ८.६. योजनाको मुनाफा वितरणको लक्ष्य :

योजनाले कमाएको खुद मुनाफाको अनुपातमा इकाईको अंकित मूल्यको आधारमा मुनाफा वितरण गरिनेछ । खुद मुनाफा मध्ये आवश्यकतानुसार सञ्चित मुनाफा (Retained Earning) पुनः लगानी गरिनेछ ।

### ८.७. लगानी तथा लाभांशका सम्बन्धमा लागु हुने कर सम्बन्धी व्यवस्था :

प्रचलित कानुनले निर्धारण गरे बमोजिम हुनेछ ।

### ८.८. योजनाका ईकाइहरु अर्को योजनामा हस्तान्तरण हुने/नहुने कुरा र हुने भएमासोको प्रक्रिया :

योजनाको अवधि समाप्त भए पश्चात योजनाको सम्पत्ति बिक्री गरी इकाईधनीहरुलाई समानुपातिक ढंगले वितरण गरिनेछ । यसका लागि सामूहिक लगानी कोष नियमावली, २०६७ को नियम ३२ र नियम ३३ को व्यवस्था बमोजिम समयमा नै योजना खारेजीको प्रकृया अगाडी बढाइनेछ र सोको स्वीकृति पश्चात् तीन महिना भित्र योजनाको सम्पत्तिलाई नगदमा परिणत गरि समानुपातिक रुपमा वितरण गरिनेछ । योजनाका सम्पत्तिहरु तीन महिना भित्रमा नगदमा परिणत गर्न नसकिएको अवस्थामा नियम ३३ को व्यवस्था भएबमोजिम नेपाल धितोपत्र बोर्डले थप तिन महिनाको म्याद थप गरिदिन सक्नेछ । तथापि बजारमा सोही प्रकृतिका अन्य सामूहिक लगानी योजनाहरु समेत संचालनमा रहेको आवस्थामा यस लिमिटेडले संचालन गरेको सामूहिक लगानी योजनाहरुलाई Redeem गर्ने समयमा पूँजी बजार प्रतिकुल समेत हुनसक्ने अवस्थालाई मध्येनजर गरी योजनाको अवधि समाप्त हुनु भन्दा कम्तीमा १ बर्ष अगाडि देखि नै बजारको अवस्था हेरि क्रमिक रुपले योजनाको लगानीलाई तरलतामा परिणत गर्ने प्रकृया शुरु गरि सो बाट प्राप्त रकमलाई मुद्धति निक्षेपमा राख्दै जाने योजना रहेको छ ।

यस योजनाका इकाईहरु कुनै अर्को योजनामा हस्तान्तरण गर्ने योजना रहेको छैन । इकाईधनीहरुको सहमति, कोष सुपरिवेक्षक तथा बोर्डको स्वीकृति/निर्देशनमा यस योजनालाई नयाँ योजनामा परिणत गर्न सकिनेछ । त्यस्तो अवस्था आएमा नयाँ योजनाको इकाई लिन नचाहने इकाईधनीहरुलाई नगद भुक्तानीको व्यवस्था पनि गर्न सकिनेछ ।

**८.९. खुद सम्पत्ति मूल्य गणना तथा सोको प्रकाशन सम्बन्धी व्यवस्था :**

(क) खुद सम्पत्ति मूल्य गणना गर्ने विधि :

प्रति इकाई खूद सम्पत्ति मूल्य (नेट एसेट भ्याल्यु) कायम गर्दा योजनाको मूल्याङ्कन गर्ने मितिमा कायम रहेको सम्पूर्ण सम्पत्तिलाई कुल इकाई संख्याले भाग गरी प्रति इकाई खूद सम्पत्ति मूल्य कायम गरिनेछ । खूद सम्पत्ति मूल्याङ्कन गर्ने सूत्र देहाय बमोजिम हुनेछ :

**प्रति इकाई खुद सम्पत्ती मूल्य = (मूल्याङ्कन मितिमा लगानीको मूल्य + प्राप्त हुन बाँकी प्रतिफल वा आय तथा अन्य रकमहरु - तिर्न बाँकी दायित्व तथा अन्य रकमहरु) / (मूल्याङ्कन मितिमा योजना अन्तर्गतको कुल इकाई संख्या)**

(ख) खुद सम्पत्ति मूल्य प्रकाशन सम्बन्धी व्यवस्था :

योजनाका इकाईहरु बाँडफाँट भएको एक महिना भित्र योजना व्यवस्थापकले प्रथम खुद सम्पत्ति मूल्य निर्धारण गरी सार्वजनिक गर्नेछ । तत्पश्चात् सामूहिक लगानी योजना सम्बन्धी नियमावली, २०६७ को व्यवस्था बमोजिम प्रत्येक हप्ता खुद सम्पत्ती मूल्य योजना व्यवस्थापकको वेव साईट www.nicasiacapital.com मार्फत सार्वजनिक रुपमा जानकारी गराईनेछ । साथै योजना व्यवस्थापकले योजनाको लगानीको विवरण मासिक रुपमा आफ्नो वेब साईटमा राखी सार्वजनिक गर्ने तथा वार्षिक रुपमा योजनाको लेखापरिक्षण गराई सो सम्बन्धी विवरण सार्वजनिक गर्नेछ । खुद सम्पत्ति मूल्य तथा योजनाको कार्यसम्पादन सम्बन्धमा सार्वजनिक गर्ने सम्बन्धमा अन्य व्यवस्था प्रचलित कानून तथा नेपाल धितोपत्र बोर्डको निर्देशन बमोजिम हुनेछ ।

**८.१० योजनामा अन्तर्निहित जोखिम तथा सोको व्यवस्थापनको लागि व्यवस्थापनको धारणा :**

(क) सामान्य जोखिम तत्वहरु :

(१) सामूहिक लगानी कोषमा गरिने लगानी धितोपत्र बजारको जोखिमसँग भरपर्ने हुँदा नाफा हुने तथा सहभागीले लिएको उद्देश्य पूरा हुने कुराको कुनै निश्चितता नहुने सम्बन्धमा :
सामूहिक लगानी कोष अन्तर्गत योजनाको लगानी धितोपत्र बजार लगायत अन्य विभिन्न क्षेत्रमा प्रवाह गरिने हुँदा धितोपत्र बजार तथा त्यस्तो लगानीमा निहित जोखिमले योजनाको लगानीको प्रतिफलमा प्रत्यक्ष असर पर्दछ ।

(२) धितोपत्रमा हुने लगानी जस्तै योजनाको इकाईहरुको खुद सम्पत्ति मूल्य बजार मूल्यको आधारमा घटवढ हुने सम्बन्धमा :
योजनाको खुद सम्पत्ती मूल्य योजनाले गरेको लगानीको मूल्याङ्कनबाट गणना गरिएको हुन्छ । यसको लगानीमध्ये धितोपत्र बजारमा सूचिकृत धितोपत्रहरुमा गरेको लगानीको सम्पत्ति मूल्यमा त्यस्ता धितोपत्रको मूल्यमा हुने उतार चढावले प्रभाव पार्ने हुँदा योजनाको खुद सम्पत्ति मूल्यमा समेत त्यसको प्रत्यक्ष प्रभाव रहने गर्दछ र सोही बमोजिम घटबढ हुने गर्दछ ।

(३) कोष प्रबर्द्धक, सुपरिवेक्षक वा योजना व्यवस्थापकहरुको बिगतको कार्यले निजहरुको भविष्यको कामको लागि निर्देशन वा सङ्केत गर्दैन भन्ने सम्बन्धमा :योजना व्यवस्थापकले बजारको विद्यमान अवस्थाको विश्लेषण गरी स्वतन्त्र रुपमा योजनाको सञ्चालन तथा व्यवस्थापन गर्ने र प्रचलित कानून बमोजिम यसको हिसाव किताव समेत छुट्टै रुपमा राख्ने र सोको नियमित रिपोर्टिङ्ग गर्ने गर्दछ ।
योजनाको रकम लगानी गर्दा योजना व्यवस्थापकको दक्षताले योजनाको कार्य सम्पादनको स्तर (Performance Level) निर्धारण गर्ने भए तापनि कोष प्रबर्द्धक, योजना व्यवस्थापक तथा कोष सुपरिवेक्षकको विगतको कार्यले यस योजनाको नतिजालाई सङ्केत वा निर्देशन गर्दैन ।

(४) कोष प्रबर्द्धकले योजनामा कुनै हानी नोक्सानी भएमा सोको जिम्मेवारी लिने छैन भन्ने सम्बन्धमा :
योजनाको सञ्चालन तथा व्यवस्थापन प्रचलित कानुनको अधिनमा रही योजना व्यवस्थापकले नै गर्दछ । योजनामा कुनै प्रकारको हानी नोक्सानी भएमा सो को जिम्मेवारी कोष प्रबर्द्धकले लिंदैन ।

(५) यस योजनाले भविष्यमा राम्रो गर्ने र मुनाफा दिने कुराको सुनिश्चितता गर्दैन भन्ने सम्बन्धमा :
यस योजना अर्न्तगत इकाईहरु निष्काशन गरी संकलन गरिएको रकम विभिन्न क्षेत्रमा लगानी गरिन्छ । योजना व्यवस्थापकले आफ्नो दक्षताको उपयोग गरी लगानी जोखिम कम गर्ने तथा मुनाफा बृद्धि गर्ने विषयलाई दृष्टिगत गरी कोषको स-ुव्यवस्थापन गर्ने भएतापनि योजनाले भविष्यमा राम्रो गर्ने वा मुनाफा दिने कुराको सुनिश्चितता भने गर्दैन ।

(ख) खास जोखिम तत्वहरु :

(१) प्रस्तुत योजना निश्चित रुपमा मुनाफा फिर्ता दिने वा कुनै बैंक वा बिमाबाट मुनाफाको सुनिश्चितता भए नभएको के हो सो सम्बन्धमा :
यस योजना अन्तर्गत लगानी गर्ने लगानीकर्ताहरुले इकाईको अंकित मूल्यमा लगानी गरेको अनुपातमा योजनाले कमाएको खुद मुनाफाको आधारमा लाभांश पाउने छन् । यस्तो लाभांश योजनाले आफ्नो लगानी वापत प्राप्त गर्ने व्याज, लाभांश, शेयर प्रत्याभूति कमिशन वा सम्पत्तिको मूल्य बृद्धि (Capital Gain) वा अन्य वित्तीय कारोवारबाट प्राप्त भएको आम्दानीबाट दिनेछ । प्रत्येक आर्थिक वर्षमा योजनाले खुद मुनाफाबाट लाभांश दिने वा नदिने निर्णय गर्नेछ । खुद मुनाफाबाट लाभांश कट्टा गरी बाँकी रहेको रकम सञ्चित मुनाफा (Retained Earning) को रुपमा रहनेछ । कुनै वर्ष योजनाको आम्दानीले लाभांश वितरण गर्न नसक्ने अवस्था आएमा सञ्चित मुनाफाबाट लाभांश दिन सकिनेछ । योजनाले हरेक वर्ष मुनाफा दिने सुनिश्चितता भने हुँदैन ।

(२) योजना अन्तर्गतको लक्ष्य प्राप्त गर्नका लागि असर पर्ने तत्वहरुमा सरकारी नीतिहरु, बजारको अवस्था, बजारलाई असर पार्ने तत्वहरु, बजारमा परिवर्तन भैरहने व्याज दर, व्यवसाय गरीने धितोपत्रको संख्या, राफसाफ गरीने पद्दति आदिले असर पार्ने सम्बन्धमा :
सामूहिक लगानी कोष सम्बन्धी कानूनी व्यवस्था तथा नीतिहरुमा कुनै परिवर्तन भएमा योजना सञ्चालन तथा सोको प्रतिफलमा समेत सोही अनुरुप असर पर्नेहुन्छ । साथै बजारको अवस्था, बजारलाई असर पार्ने तत्वहरुले समेत योजनामा असर पार्ने हुन्छ । योजनाले धितोपत्र बजारमा सूचिकृत धितोपत्रमा लगानी गर्ने र बजारको अवस्था हेरी योजनाको नाममा धितोपत्र खरीद बिक्री गर्ने हुँदा सो को राफसाफ प्रकृयाले योजनाको रकम प्राप्त गर्न लाग्ने समय निर्भर हुन्छ । ढिलोगरी रकम प्राप्त हुने अवस्थामा उक्त रकमबाट आर्जन हुन सक्ने व्याज आम्दानीमा घटबढ हुन गई योजनाको आम्दानीमा असर पर्दछ । धितोपत्रको खरीद बिक्रीमा हुने ढिलाइले बजार जोखिम समेत

आकर्षित हुन सक्दछ । साथै सामान्यतया वित्तीय क्षेत्रमा कायम हुने ब्याजदर र धितोपत्रको लगानी बीच विपरित सम्बन्ध (Inverse Relation) हुने हुँदा सो को असर योजनाको खुद सम्पत्ति मूल्यमा समेतपर्न सक्दछ ।

(३) रेटिङ्ग कम्पनीले दिएको रायले खुद सम्पत्ती मूल्यको स्थीरताको सुनिश्चितता नगर्ने कुरा सम्बन्धमा :
ICRA Nepal ले गरेको रेटिङ्ग सम्बन्धि कार्य यस योजनाको लागि नभई कोष प्रबर्द्धक र योजना व्यवस्थापकको लागि भएकाले सो रेटिङ्ग कम्पनीले दिएको रायले खुद सम्पत्ति मूल्यको स्थीरताको सुनिश्चितता गर्दैन ।

(४) ब्याजदर परिवर्तनबाट हुने जोखिम सम्बन्धमा :
योजनाको कुल रकममध्ये केही रकम बैंक निक्षेप तथा बण्ड/डिवेन्चरहरुमा समेत लगानी गरिने हुँदा निक्षेपमा प्राप्त हुने ब्याजदरमा परिवर्तन हुँदा योजनाको आयमा समेत असर पर्दछ । सम्पत्तिको मूल्याङ्कन (Valuation) प्रचलित ब्याजदरलाई आधार मानी गरिने हुँदा प्रचलित ब्याजदरमा हुने परिवर्तनले योजना अन्तर्गतको सम्पत्तिको मूल्याङ्कनमा समेत परिवर्तन हुन्छ ।

(५) योजना शुरु गर्ने बेलामा भएको खर्च तथा बार्षिक खर्च आदिले खुद सम्पत्ति मूल्यमा प्रभाव पार्ने सम्बन्धमा :
योजना अन्तर्गतका इकाईहरु बिक्रीका लागि बोर्डमा दर्ता गराउने, विवरण पुस्तिका स्वीकृत गरी बिक्री खुल्ला गर्ने, बिक्री बन्द गर्ने, बाँडफाँट गर्ने, नेपाल स्टक एक्सचेन्जमा सूचिकृत गराई दोस्रो बजारमा कारोवारको व्यवस्था गराउने, सूचीकरण तथा वार्षिक नवीकरण गर्ने, योजनाको लेखापरीक्षण गराउने, योजनाको विज्ञापन गर्ने, कानुनी सेवा लिने, नियमावलीको व्यवस्था बमोजिम योजना सम्बन्धी सूचना प्रकाशित गर्ने आदि कार्यका लागि लाग्ने खर्चहरु योजनाको कुल सम्पत्ति मूल्यबाट कट्टा गरी योजनाको खुद सम्पत्ति मूल्य गणना गरिने हुँदा यस्ता खर्चहरुले योजनाको खुद सम्पत्ति मूल्यमा केही प्रभाव पार्दछ ।

(६) इक्वीटी सम्बन्धी जोखिममा यसका उपकरणहरुले कम्पनी र बजार दुबैका जोखिम बोकिरहेका हुन्छन् भन्ने कुरा उल्लेख गर्ने :
योजनाले इक्वीटीमा आधारित उपकरणमा गरेको लगानीको सुरक्षा र प्रतिफल कम्पनीको अवस्था र बजारको स्थितिमा निर्भर रहने हुँदा यस्ता उपकरणहरुमा भएको लगानीमा यी दुबै किसिमका जोखिमहरु अन्तर्निहित रहेका हुन्छन् ।

(७) ऋण जोखिमभित्र अर्को पक्षको ऋण फिर्ता गर्ने क्षमता तथा इच्छामा निर्भर गर्नेकुरा जस्तो की सरकारी धितोपत्रमा कुनै जोखिम नरहने कुरा :
योजनाले सरकारी ऋणपत्रका अतिरिक्त अन्य क्षेत्रले जारी गर्ने ऋणपत्रहरुमा समेत लगानी गर्ने र यस्तो ऋणपत्रमा भएको लगानी फिर्ता हुने विषय ऋणपत्र जारी गर्नेको मनसाय र क्षमतामा समेत निर्भर रहने हुँदा यस्तो ऋणपत्रमा गरेको लगानी सरकारी ऋणपत्रमा गरेको लगानी सरह सुरक्षित र जोखिम रहित हुँदैन ।

(८) तरलता जोखिम सम्बन्धमा सो धितोपत्र कति बिक्री गर्न योग्य वा सहज छ त्यति नै तरलता आउने बारे उल्लेख गर्ने :
योजनाले धितोपत्रमा गरेको लगानीलाई तरल सम्पत्तिमा परिणत गर्ने बिषय लगानी गरिएको धितोपत्रकै तरलतामा निर्भर रहने हुँदा योजनाको तरलतामा धितोपत्रमा भएको लगानीको जोखिम विद्यमान रहन्छ ।

(९) ब्याजदरमा हुने जोखिम यसको गतिविधिमा निर्भर गर्छ भन्ने कुरा जस्तो की सरकारले ऋण लिएमा, मुद्रा स्फुर्ती भएमा आदि बारे :
ब्याजदरमा परिवर्तन हुने जोखिम अर्थतन्त्रमा हुने गतिविधिमा निर्भर गर्दछ । विभिन्न आर्थिक उतार चढावको असर ब्याजदरमा समेत पर्न सक्छ र यस अवस्थामा ब्याजदरको परिवर्तनबाट हुने जोखिम योजनामा समेत पर्न सक्दछ ।

(१०) पुनलगानी जोखिम यथावत रहने कारणमा ब्याज दरमा भएको अनिश्चितताका कारण तथा ऋणपत्रको सट्टामा कुपन प्राप्त हुने र सोही कुपन पुनलगानीमा प्रयोग हुने हुँदा पुनलगानी जोखिम बारे खुलाउने :
ऋणपत्रमा तथा बैंक निक्षेपमा गरेको लगानीबाट प्राप्त ब्याज आम्दानी पुन लगानी गरिने हुन्छ । यदि ब्याजदरमा परिवर्तन भएमा यसरी प्राप्त ब्याज रकम पुनलगानी गर्दा उत्तिकै प्रतिफल प्राप्त गर्न नसकिने जोखिम रहन सक्दछ ।

(११) योजना अन्तर्गत लगानी गरिने बिभिन्न प्रकारका धितोपत्रहरुले बिभिन्न प्रकारका जोखिम बहन गर्ने कुरा जस्तो की सरकारी ऋणपत्रभन्दा व्यापारिक कम्पनीले जारी गरेका ऋणपत्रहरुमा बढी जोखिम रहने कुरा :
योजनाले बिभिन्न प्रकारको धितोपत्रमा लगानी गर्ने हुन्छ । यी धितोपत्रहरुमा शेयर, अग्राधिकार शेयर, डिवेन्चर, सरकारी ऋणपत्र आदि हुन्छन् । यी धितोपत्रको प्रकृतिको आधारमा शेयरको तुलनामा अग्राधिकार शेयर त्यसपछि संस्थागत डिवेन्चर कम जोखिमपूर्ण हुन्छन् भने सरकारी ऋणपत्रलाई जोखिम रहित धितोपत्र मानिन्छ । योजनाले यस्ता धितोपत्रमा गरेको लगानीमा लगानी अनुपात अनुरुपको जोखिम रहन्छ ।

(१२) योजनाले लगानी गर्ने अन्य उपकरणहरु जस्तै डेरिभेटिभ्स्, फ्युचर, अप्सन आदिमा निहित जोखिमहरु बारे उल्लेख गर्ने :
योजनाले यस्ता उपकरणहरुमा लगानी गर्ने उद्देश्य राखेको छैन । भविष्यमा यस्ता उपकरणहरुमा लगानी गर्ने अवसर उपलब्ध भएमा नेपाल धितोपत्र बोर्डको स्वीकृतिमा लगानी गर्न सकिनेछ । त्यस्तो अवस्थामा यस्ता उपकरणहरुमा निहित जोखिम तत्वको असर योजनाको जोखिम तथा प्रतिफलमा समेत पर्न सक्छ ।

(१३) योजनाको लगानी परिवर्त्य विदेशी मुद्रा वा सोमा आधारित उपकरणहरुमा लगानी गर्ने भएमा विदेशी मुद्रा विनिमय दरमा आउने परिवर्तन बाट हुने जोखिम बारे उल्लेख गर्ने :
योजनाले हाल यस प्रकारको उपकरणहरुमा लगानी गर्ने उद्देश्य राखेको छैन । यस्ता उपकरणमा लगानी गर्ने अवसर प्राप्त भएको अवस्थामा नेपाल धितोपत्र बोर्डको स्वीकृति लिई लगानी गरिनेछ । त्यसरी लगानी गरिएको अवस्थामा विदेशी मुद्रा परिवर्तनबाट हुने जोखिम योजना र यसको प्रतिफलमा समेत रहन्छ ।

(१४) योजनाको अवधिभर सोको मूल्य बृद्धिको अवसर रहने तर सो को बोनश नपाउने बारे :
योजनाको कार्यसम्पादनको आधारमा योजना अन्तर्गतका इकाईहरुको मूल्य बृद्धि हुने सम्भावना रहन्छ । योजनाले प्राप्त गरेको प्रतिफलको आधारमा इकाईधनीहरुलाई योजनाले लाभांश वितरण गर्न सक्ने अवस्था हुन्छ । तथापि योजनाले कुनै प्रकारको बोनश भने वितरण गर्ने छैन ।

(ग) जोखिम व्यवस्थापनको लागि व्यवस्थापन (कोष व्यवस्थापक) को धारणा :

(१) योजनाको लगानीमा हुने जोखिम व्यवस्थापनका लागि कोष व्यवस्थापक सदैव सचेत रही बजारमा उत्पन्न हुने जोखिमहरुको निरन्तर अध्ययन गरी जोखिम व्यवस्थापनका लागि उपयुक्त उपायहरु जस्तै लगानीको आन्तरिक सिमा तोक्ने कार्य, दैनिक रुपमा लगानी गरिएका कम्पनी तथा धितोपत्रहरुको विश्लेषण गर्ने कार्य, कर्मचारीको अधिकारहरुको बर्गिकरण र तथा सम्पत्ति व्यवस्थापन कम्पनीका

कर्मचारीहरुले पालना गर्नुपर्ने आचारसंहिता तर्जुमा गरी लागु गरिएको, उच्च व्यवस्थापन सहितको संचालकहरुको लगानी तथा जोखिम व्यवस्थापन समितिको व्यवस्था साथै सो समितिको नियमित बैठकबाट जोखिम व्यवस्थापनका लागि सल्लाह र निर्देशन दिने व्यवस्थाको अवलम्बन गरिनेछ ।

(२) सबल तथ्याङ्क प्रणालीको विकास गरी पर्याप्त अध्ययन अनुसन्धानका लागि छुट्टै अनुसन्धान बिभाग खडा गरिएको छ र सो बिभागबाट दैनिक, साप्ताहिक, मासिक रुपमा प्राप्त सल्लाह सुझावको आधारमा लगानी गर्ने व्यवस्था तथा प्रकृयाको विकास गरिएको छ ।

(३) धितोपत्रमा लगानी गर्नुपूर्व उक्त धितोपत्र र सम्बन्धित कम्पनीको सम्बन्धमा पर्याप्त विश्लेषण गरेर मात्र लगानी सम्बन्धी निर्णय गरिनेछ । यसका लागि विभिन्न वित्तीय विश्लेषणका लागि उपलब्ध अभ्यास तथा उपकरणहरुको उपयोग गरिनेछ ।

(४) बजारको अवस्था तथा जोखिम पक्षलाई ध्यानमा राखी धितोपत्रमा गरिएको लगानीलाई उपयुक्त समयमा तरल सम्पत्तिमा परिणत गर्ने तथा तरल सम्पत्तिलाई लगानीमा परिणत गर्ने प्रक्रिया निरन्तर अवलम्बन गरिनेछ ।

(५) लगानीमा जोखिम न्यूनीकरण गर्न र लगानीमा समयोचित प्रतिफल प्राप्त गर्न आवश्यकता र अवसर अनुरुप निरन्तर लगानी विविधीकरणको प्रक्रिया अबलम्बन गरिनेछ ।

(६) तरलता व्यवस्थापनमा सदैव उच्च सतर्कता अपनाइनेछ ।

## ९. इकाई निष्कासनसम्बन्धी विवरण :

### ९.१ इकाई बिक्री खुल्ला गरिने मिति तथा अवधि :

नेपाल धितोपत्र बोर्डबाट विवरण पुस्तिका स्वीकृत भएको मितिले दुई महिना भित्र इकाईहरुको बिक्री खुल्ला गरिनेछ । यस विवरणपत्र मार्फत निष्काशन गरिने इकाईहरुको लागि आवेदन दिन पाउने अवधि बिक्री खुल्ला भएको मिति बाट १५ दिनसम्म हुनेछ । तर उक्त अवधिभित्र सम्पूर्ण इकाईहरु बिक्री नभएमा बोर्डको स्वीकृति लिई बढीमा १५ कार्य दिनसम्म आवेदन दिन पाउने अवधि थप गर्न सकिने छ । तर विवरण पुस्तिकामा गरिएको ब्यबस्था अनुसार ४ कार्य दिन भन्दा अगाडी इकाई खरिदको आवेदन लिने कार्य बन्द गरिने छैन ।

### ९.२ निवेदन संकलन केन्द्र (बिक्री केन्द्र) सम्बन्धी जानकारी :

नेपाल धितोपत्र बोर्डबाट धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धि निर्देशिका २०७३ (ASBA) लागू भएको र २०७४ श्रावण १ देखि सार्वजनिक निष्काशनमा सोहि निर्देशिकामा भएको व्यवस्था बमोजिम मात्र दरखास्त आवेदन गर्न पाईने भएकोले उक्त निर्देशिका बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त गरी आस्वा (ASBA) सेवामा सहभागी सम्पूर्ण बैंक तथा वित्तीय संस्थाहरु र तिनका शाखा कार्यालहरुले आवेदन संकलन केन्द्रको रुपमा कार्य गर्नेछन् ।

### ९.३ निवेदन दिनसक्ने व्यक्ति तथा संस्थाहरु :

नियमावली एवं निर्देशिकाको अधीनमा रही नेपाली नागरिक, गैर आवसीय नेपालीको प्रमाणपत्र(परिचयपत्र) जारी भएका व्यक्ति, प्रचलित कानुन बमोजिम दर्ता भएका नेपाली फर्म, संघ संस्था, बैंक तथा वित्तीय संस्था, बीमा कम्पनी, कुनै पनि वर्ग वा समूहले खडा गरेको कोषहरु जस्तै सञ्चय कोष, कल्याणकारी कोष, गुठी, अक्षय कोष आदिले यस विवरण पुस्तिका अनुसार जारी गरिने इकाई खरिद गर्न आवेदन दिन सक्नेछन् ।

### ९.४ खरिद गर्न सकिने न्यूनतम तथा अधिकतम इकाई सङ्ख्या :

आवेदकले न्यूनतम १०० (एक सय) इकाई तथा सोभन्दा माथि १० गुणांकमा अधिकतम २० लाख इकाई सम्म खरिदका लागि आवेदन दिन सक्नेछन् ।

### ९.५ इकाईको बाँडफाँट, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी व्यवस्था :

(१) योजनाको सम्पूर्ण इकाई बिक्रीका लागि निवेदन प्राप्त भएमा बिक्री खुल्ला राख्नुपर्ने न्यूनतम अवधि व्यतित भएपछि योजना व्यवस्थापक/निष्कासन तथा बिक्री प्रबन्धकले जुनसुकै समयमा सूचना प्रकाशन गरी इकाई बिक्री बन्द गर्न सक्नेछ ।

(२) बिक्री खुल्ला भएको निवेदन दिने अवधि तथा बोर्डबाट थप भएको अवधिभित्र कम्तिमा पचास प्रतिशत इकाई खरीद गर्न निवेदन प्राप्त भएमा इकाईको बाँडफाँट गरिनेछ ।

(३) यस विवरण पुस्तिका अनुसार इकाई बिक्री खुल्ला अवधिसम्म पनि आव्हान गरेको न्यूनतम पचास प्रतिशत इकाई खरीद गर्नको लागि आवेदन प्राप्त नभएमा योजना खारेज गरी पन्ध्र दिनभित्र निवेदकहरुको रकम फिर्ता गरिनेछ ।

(४) इकाई बाँडफाँट गर्दा यस विवरण पुस्तिकामा उल्लेखित अधिकतम सिमा सम्मको मात्र इकाई बाँडफाँट गरिनेछ । तर यस विवरण पुस्तिका मार्फत निष्कासन गरिएको भन्दा बढी संख्यामा इकाई माग भएमा निष्कासन गरिएको इकाई संख्याको पच्चीस प्रतिशतसम्म थप गरी इकाई बाँडफाँट गरिनेछ ।

(५) इकाईको बाँडफाँट सम्बन्धी अन्य व्यवस्था प्रचलित धितोपत्र बाँडफाँट सम्बन्धी निर्देशिका बमोजिम हुनेछ ।

(६) योजनाका इकाईहरु नेपाल स्टक एक्सचेन्जमा सूचीकरण गरी दोस्रो वजारमा कारोबारको व्यवस्था मिलाइनेछ ।

### ९.६ निवेदन दिंदा ध्यान दिनुपर्ने कुराहरु :

१. कुनै पनि नेपाली नागरिक, गैरआबासीय नेपाली तथा नेपाली संघ संस्थाले स्वीकृत विवरणपत्र मार्फत जारी गरिने इकाई खरिद गर्नको लागि नेपाल धितोपत्र बोर्डबाट स्वीकृती प्राप्त आस्वा सदस्य बैंक तथा वित्तीय संस्थाहरु वा तीनका कुनै पनि शाखा कार्यालयबाट दरखास्त दिन सक्नेछन् ।

२. दरखास्तवालाले इकाई खरिदका लागि दरखास्त दिँदा "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" को दफा २४ मा उल्लेख भए बमोजिम देहायका विवरणहरु स्पष्ट रुपमा दरखास्त फाराममा खुलाई आस्वा सदस्यहरुले तोकेको ढाँचामा दरखास्त आवेदन दिनु पर्नेछ ।

(क) आवेदन फाराममा आवेदकको नाम थर नेपाली/अंग्रेजीमा उल्लेख गर्नु पर्ने ।

(ख) आवेदन दिंदा शेयर जारी गर्ने कम्पनीको नाम, आवेदन गरिएको संख्या, रकम स्पष्ट बुझिने गरि उल्लेख गर्नुपर्ने ।

(ग) आफ्नो बैंक खाता र हितग्राही खाता नम्बर सहि/स्पष्ट उल्लेख गरिनुपर्ने ।

(घ) आवेदकले आफु स्वयंको हितग्राही खाता नम्बर उल्लेख गर्नुपर्ने ।

(ङ) आवेदन गरेको निस्सा/प्रमाण, सम्बन्धीत संकलन केन्द्र (आश्वा सदस्य बैंक तथा वित्तीय संस्था) संग अनिवार्य लिनुपर्ने ।

(च) बैंक खाता रोक्का भए/नभएको यकिन गर्नुपर्ने ।

छ) एक व्यक्ति वा संस्थाले आफूले खरिद गर्न चाहेको इकाईको लागि एक भन्दा बढी दरखास्त दिने पाइने छैन । यदि एक व्यक्ति वा संस्थाको नाममा एक भन्दा बढी आवेदन प्राप्त हुन आएमा सम्पूर्ण दरखास्तलाई रद्द गरिनेछ ।

ज) रितपूर्वक प्राप्त नभएको दरखास्त फारमलाई इकाईको बाँडफाँटमा समावेश गरिने छैन र सो को जिम्मेवार दरखास्तवाला स्वयं हुनेछ ।

३. धितोपत्र खरिदको लागि दरखास्त दिंदाको अवस्थामा वा दरखास्त दिई सकेपछि खरिद गरेको इकाई बापतको रकम भुक्तानी नहुँदै प्रचलित कानून बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्काशन तथा बिक्री प्रबन्धकले त्यस्तो दरखास्त फारामलाई रद्द गरिने हुंदा सो कुराको जानकारी आवेदकले बुझ्नु हुन ।

४.योजनाको इकाई खरिदका लागि आवेदन दिँदा आवेदन फाराममा आफुले लिन चाहेको इकाई संख्या तथा रकम स्पष्टरुपमा भरी बुझाउनु पर्दछ । योजनाका इकाईहरु खरीद गर्दा न्यूनतम १०० इकाई तथा सो भन्दा माथि १० को गुणांकमा अधिकतम २० लाख ईकाइसम्म खरिद गर्न सकिनेछ । आवेदन फारामसाथ आवेदन वापतको शत् प्रतिशत रकम भुक्तानी गर्नुपर्नेछ ।

५.नेपाल धितोपत्र बोर्डबाट सहभागी बैंकको अनुमति प्राप्त बैंक तथा वित्तियसंस्था मध्ये आफ्नो खाता रहेको बैंक वित्तिय संस्थाबाट आस्वा (ASBA) प्रणाली अर्न्तगत मात्र आवेदन गर्न सकिनेछ । सहभागि बैंकहरुले रु. १०,००,०००/– वा सो भन्दा बढी दरखास्त दिने आवेदकको प्यान नं. रहेको तथा आवेदन वापत जम्मा गरेको रकम सम्पत्ति शुद्धिकरण ऐनको वर्खिलाप हुने गरि आर्जन नगरेको भनि उद्घोषण गरेको यकिन गर्नुपर्नेछ ।

६.इकाई खरिद गर्नको लागि दरखास्त दिने व्यक्ति स्वयंले आवेदन फारममा दस्तखत गरी तोकिएको सङ्कलन केन्द्रमा इकाई खरिदको लागि आवदेन बुझाउनुपर्नेछ । यसरी आवेदन फारममा दस्तखत नगरेको र तोकिएका सङ्कलन केन्द्र बाहेक अन्य स्थानहरुमा आवेदन फारम बुझाएको आवेदन फारमलाई रद्द गरिनेछ ।

७.लगानीकर्ताले इकाईमा लगानी गर्नुअघि यस विवरण पुस्तिकाको राम्ररी अध्ययन गर्नु पर्दछ ।

## १० इकाईधनी (योजनाका सहभागी) लाई प्राप्त हुने अधिकार तथा सेवा :

(क) आफुले खरीद गरेको योजनाको इकाई अभौतिक रुपमा प्राप्त हुनेछ जसमा योजना व्यवस्थापकको कुनै एक संचालक र कार्यकारी प्रमुख वा कम्पनी सचिव मध्ये एकजना गरी दुई जनाको दस्तखत रहनेछ ।
(ख) योजनाको लगानी निति, उद्देश्य तथा वित्तिय अवस्था वारे जानकारी प्राप्त गर्ने ।
(ग) योजनाले वितरण गरेको लाभांश प्राप्त गर्ने ।
(घ) योजना अन्तर्गतका आफना नाममा रहेका इकाईहरु आफ्नो सम्पत्ती सरह दोस्रो बजारमा बिक्री गर्न सकिने तथा दोस्रो बजारमा खरीद गरिएका इकाईहरु आफ्नो नाममा नामसारी गराउने ।
(ङ) योजना व्यवस्थापकको कार्यसम्पादन सम्बन्धमा वा योजना खारेजीका सम्बन्धमा आफ्नो मत राख्ने ।
(च) योजना संचालनका सम्बन्धमा कुनै गुनासा भए योजना व्यवस्थापक, कोष सुपरिवेक्षक तथा नेपाल धितोपत्र बोर्डमा गुनासा राखी समाधान गराउने ।
(छ) योजनाको कार्यसम्पादनसँग सम्बन्धित खुद सम्पत्ती मूल्य, लगानीको अवस्था तथा योजनाको वित्तिय विवरण सामूहिक लगानी कोष नियमावली, २०६७ ले व्यवस्था गरे बमोजिमको सावधिक रुपमा जानकारी प्राप्त गर्ने ।

## ११ गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :

योजना निष्कासनका वखत उत्पन्न हुनसक्ने गुनासाहरुलाई सम्बन्धित सङ्कलन केन्द्र तथा योजना व्यवस्थापकको कार्यालयबाट समाधान गर्ने व्यवस्था मिलाइनेछ । साथै योजना व्यवस्थापकले योजना सञ्चालनको क्रममा सहभागीहरुको बीचमा वा योजना र सहभागीहरुका बीचमा कुनै विवाद उठेमा त्यस्को समाधानका लागि योजना व्यवस्थापकका अनुसन्धान, जोखिम व्यवस्थापन तथा

अनुपालना प्रमुख श्री सुदय कान्त झा लाई नियम पालना अधिकृतको रुपमा नियुक्त गरिएको छ । नियम पालना अधिकृतले प्राप्त गुनासा सुन्ने सोको समाधानका उपायहरु पहिचान गर्ने र सामान्य प्रकारका गुनासाहरुलाई कानुन सम्मत तरिकाले आफ्नै तहबाट

समाधान गर्नेछ । यसरी समाधान हुन नसक्ने तथा जटिल प्रकृतिका गुनासा प्राप्त भएमा सम्भव भएसम्म योजना व्यवस्थापकबाट र सम्भव नभएमा कोष सुपरिवेक्षक समक्ष राखी सो को समाधान गरिनेछ ।

**लगानीकर्ताहरुले देहाय बमोजिमको माध्यम मार्फत आफ्नो गुनासो तथा सुझाव प्रेषित गर्न सक्नेछन् :**
फोन नं. +९७७-०१-४२२१९९४, फ्याक्स नं.+९७७-०१-४२२२४५८, E-mail: info@nicasiacapital.com

**निष्काशन बैंकहरु :**

धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धि निर्देशिका, २०७३ (ASBA) बमोजिम आवेदन संकलन गरिने हुँदा यस निष्काशनमा कुनै निष्काशन बैंक तोकिएको छैन ।

## १२. योजना व्यवस्थापकको प्रतिबद्धता-पत्र (ड्यु डेलिजेनस् सर्टिफिकेट) :

**ड्यु डेलिजेनस् सर्टिफिकेट**

**चलानी नं. ......./२०७४/०७५** **मिति : २०७४/०६/२९**

**श्री नेपाल धितोपत्र बोर्ड**
**जावलाखेल, ललितपुर ।**

**विषय : प्रतिबद्धता पत्र ।**

**महाशय,**

यस एन आई सी एशिया क्यापिटल लिमिटेड ले एन आई सी एशिया बैंक म्युचअल फण्ड अन्तर्गत **"एन आई सी एशिया ग्रोथ फण्ड"** को इकाई निष्कासन तथा बिक्री गर्ने प्रयोजनका लागि तयार गरेको विवरण पुस्तिकाका सम्बन्धमा यस कम्पनीको तर्फबाट देहाय अनुसारको प्रतिबद्धता पेश गर्दछु ।

१. इकाई बिक्री प्रस्ताव धितोपत्र ऐन, सामुहिक लगानी कोष नियमावली, तथा सामुहिक लगानी कोष सम्बन्धी निर्देशिका, बमोजिम अगाडि बढाईएको हो ।
२. योजना शुरु गर्न आवश्यक सबै कानूनी प्रावधान, सरकार तथा अन्य नियामक निकायबाट जारी निर्देशनहरुको पालना गरिएको छ ।
३. विवरण पुस्तिकामा खुलाईएका विवरणहरु सहभागीलाई प्रस्तावित नयाँ योजनामा लगानी गर्न सत्य तथा पर्याप्त रहेका छन् ।

भवदीय,

............................
झनक राज ढुङ्गेल
प्रमुख कार्यकारी अधिकृत

१३. यस विवरण पुस्तिकामा प्रकाशित तथ्य तथा विवरणहरु ठीक दुरुस्त छन्, सोमा कुनै फरक परेमा हामी सञ्चालकहरु पूर्ण रुपमा जिम्मेवार हुनेछौं भनी सही छाप गर्ने सञ्चालकहरुको नाम तथा दस्तखत

| **नाम** | **दस्तखत** |
|---|---|
| श्री सुधिर नाथ पाण्डे – अध्यक्ष | |
| श्री रोशन कुमार न्यौपाने – संचालक | |
| श्री विशाल सिग्देल – संचालक | |
| श्री रविन सापकोटा – स्वतन्त्र संचालक | |
| श्री सुमन डंगोल – स्वतन्त्र संचालक | |